# धर्मकीर्ति

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY




पौष पूर्णिमा

राज परिषदका अध्यक्ष श्री ५ युवराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेव सरकारबाट ३७ बोधिपक्खिय प्रदीप प्रज्ज्वलन गरिबक्सी लुम्बिनीमा हुन गइरहेको विश्व बौद्ध सम्मेलनको समुद्घाटन गरिबक्सँदै । *(फोटो माथि)*
लुम्बिनी विश्व बौद्ध सम्मेलनमा भाग लिनु हुँदै भिक्षु भिक्षुणी तथा अन्य सहभागीहरू

DHARMAKIRTI

वर्ष– १६ अङ्क– ९ वार्षिक रु. ५०/– मूल्य रु. ५/–

Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति

१. 'धर्मकीर्ति' प्रत्येक पूर्णिमाको दिन निस्कन्छ ।

२. 'धर्मकीर्ति' का लागि धार्मिक, सामाजिक एवं नैतिक पक्षका लेखहरू लेखी पठाउनु होस् । लेख लेख्दा कागजको एकतर्फी मात्र लेखी अक्षर स्पष्ट हुन आवश्यक छ ।

३. विहार एवं विभिन्न स्थानहरूमा भएका बौद्ध गतिविधिहरू समयमै (औंसिसम्म) हामीलाई लेखी पठाउनु होस् ।

४. हामी तपाईंको स्वस्थ प्रतिक्रियाको स्वागत गर्दछौं ।

५. लेखकद्वारा लेखिएको कुनै पनि विचारको जिम्मेवार लेखक आफै हुनेछ–सम्पादक मण्डल हुने छैन ।

## विषय–सूचि


| | | | | | |
|---|---|---|---|---|---|
| १) | प्रथम विश्व बौद्ध शिखर सम्मेलन | २ | ९) | संयुक्त निकाय-४ | १० |
| २) | लुम्बिनीं क्षेत्रले अब काँचुली फेर्दैछ | ४ | १०) | धिक्कार्न पुग्छु | १२ |
| ३) | बौद्ध सम्मेलनमा भारतीय दाबीलाई कमजोर पार्ने प्रयास भएन | ५ | ११) | बुद्धकालीन प्रमुख विहारहरू | १३ |
| | | | १२) | बुद्धको धार्मिक शिक्षा - २ | १६ |
| ४) | थ:गु जन्म म्हसीका | ६ | १३) | धर्मकीर्ति पत्रिकाया मिसा च्वमिपिं - ९ | १७ |
| ५) | धर्मकीर्ति पत्रिकाको विशेष सदस्य | ६ | १४) | धर्मकीर्ति विहार - गतिविधि | १८ |
| ६) | धम्मपद - ११६ | ७ | १५) | 'मुक्तिको मार्ग' | २० |
| ७) | सम्यक गीत - मातृशक्ति | ७ | १६) | गरूँ के ? | २० |
| ८) | त्रिपिटक वाङ्मय चिनारी (सूत्रपिटक–दीघनिकाय)–५ अम्बट्ठ–सुत्र (क/३) | ८ | १७) | धर्म प्रचार - समाचार | २१ |
| | | | १८) | छलफल | २४ |


★ धर्मकीर्तियात छिगु ग्वाहालीया आवश्यकता दु । छिगु प्रत्येक ग्वाहाली पत्रिकाया लागि त:धंगु तिब: ज्वीफु ।

★ छि थ: ग्राहक जुया दिसँ, मेपिन्त नं ग्राहक याना दिसँ ।

★ छिं थ:गु पस:, उद्योग, व्यापार, कार्यालयया बिया द्यूगु प्रत्येक विज्ञापन पत्रिकायात त:धंगु ग्वाहाली जूवनी ।

★ धार्मिक व सामाजिक पक्षया रचना च्वया, सुझाव व सल्लाह बिया पत्रिकायात रोचक व स्तरीय याय्‌गुली नं ग्वाहाली बीफु ।

★ आसे धयादीमते, बिचा: याना दिसँ– 'धर्मकीर्ति' यात बाँलाकेत छिं गुकथं ग्वाहाली बिया दीफु ।

Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**

व्यवस्थापकहरू
**चिनीकाजी महर्जन**
**ज्ञानेन्द्र महर्जन**

सह-व्यवस्थापक
**ध्रुवरत्न स्थापित**

सम्पादक
**भिक्षुणी वीर्यवती**

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
फोन- २५५९६०, २५९११०

प्रकाशक र विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघः नघः टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २५९४६६

बुद्धसम्वत् २५४२
नेपालसम्वत् १११९
इस्वीसम्वत् १९९९
बिक्रमसम्वत् २०५५

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | ५०/- |
| यस अङ्कको | रु. | ५/- |


DHARMAKIRTI

# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

A BUDDHIST MONTHLY

January 1999

| वर्ष- १६ | अङ्क- ९ | मिलापुन्ही | २०५५ |
|---|---|---|---|





**शीलभ्रष्ट मनुष्यको पाँच प्रकारबाट हानि हुन्छ :-**

१. दुराचरण (नराम्रो बानी) ले उसको सम्पत्तिको नाश हुन्छ,
२. उसको अपकीर्ति फिँजिन्छ,
३. कुनै पनि सभामा उसको प्रभाव पर्दैन,
४. शान्तिसँग उसले मृत्यु पाउँदैन,
५. मरेपछि उसले राम्रो गति पाउने छैन,

★ ★ ★

**सदाचारी (राम्रो चालचलनवाला) मनुष्यलाई उसको सदाचरणको कारण, निम्न लिखित पाँच प्रकारका लाभ हुन्छन् :-**

१. सदाचरणले सम्पत्तिको वृद्धि हुन्छ,
२. सबै ठाउँमा उसको कीर्ति बढ्दछ,
३. हरेक सभामा उसको प्रभाव पर्दछ,
४. शान्तिसँग उसले मृत्यु पाउँदछ,
५. मरेपछि पनि उसको गति राम्रो हुनेछ ।

Downloaded from http://www.dhamma.digital

# प्रथम विश्व बौद्ध शिखर सम्मेलन

## लुम्बिनी, नेपाल

# लुम्बिनी घोषणा-पत्र

## (१६ मंसीर २०५५ तदनुसार डिसेम्बर २, १९९८)

1) **श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देव** सरकारको गरिमामय संरक्षकत्व, **श्री ५ युवराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेवको** कृपापूर्ण समुपस्थिति, सम्माननीय प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइराला एवं माननीय उप प्रधानमन्त्री सुश्री शैलजा आचार्यको सक्रिय सहभागिता, युवा, खेलकुद तथा संस्कृति मन्त्री माननीय पूर्ण वहादुर खड्काको सक्षम एवं प्रभावकारी निर्देशन एवं माननीय मन्त्रीज्यूहरू, विद्वद्वर्ग, श्री ५ को सरकार एवं लुम्बिनी विकास कोषका वरिष्ठ अधिकृतहरूको संलग्नतामा भगवान् बुद्धको पावन जन्मस्थल लुम्बिनीमा आयोजित प्रथम बौद्ध शिखर सम्मेलनमा भेला भएका हामीहरू यो घोषणा तथा यसको सत्यापन गर्दछौं :-

i) प्रथम विश्व बौद्ध शिखर सम्मेलन आयोजना गरेकोमा र हार्दिक आतिथ्य प्रदान गरेकोमा श्री ५ को सरकार र समस्त नेपाली नागरिकहरूमा हृदयदेखिको आभार व्यक्त गर्दछौं र आफ्नो आफ्नो विद्वतापूर्ण कार्यपत्र तथा विचारोत्तेजक प्रवचनबाट सम्मेलनको छलफल र विचार-विमर्शको दिशानिर्देशन गर्नु भएकोमा डा. श्री आनन्द गुरुगे तथा डा. श्री हर्क गुरुङ्गलाई धन्यवाद दिन्छौं ।

ii) लुम्बिनीलाई विश्व शान्तिको मुहानको रूपमा घोषणा गरी विश्वका समस्त बुद्धमार्गी तथा शान्तिप्रेमी नागरिकहरूको पवित्रतम तीर्थस्थलको रूपमा लुम्बिनीको विकास गर्न श्री ५ को सरकारले गरेका अठोटको हृदयदेखि स्वागत, सराहना तथा समर्थन गर्दै श्री ५ को सरकारको यो अठोट सदासर्वदा कायम रहिरहनेछ भनी विश्वास राख्दै श्री ५ को सरकारलाई साधुवाद दिन्छौं ।

iii) लुम्बिनीलाई विश्व शान्तिको मुहान तथा समस्त बौद्ध समुदायको पवित्रतम तीर्थस्थलको रूपमा विकास गर्न श्री ५ को सरकारले लिएको अठोटलाई हार्दिक समर्थन गर्ने विश्व बौद्ध भ्रातृत्व तथा अन्तर्राष्ट्रिय बौद्ध समुदायले सिड्नी अष्ट्रेलियामा अक्टोवर/नोभेम्वर १९९८ को आफ्नो वीसौं महासम्मेलनमा गरेको सर्वसम्मत निर्णयप्रति सन्तोष व्यक्त गर्दछौं ।

iv) पवित्र लुम्बिनी मन्दिरलाई विश्व शान्तिको मुहान तथा प्रेरणास्रोतको रूपमा हेर्ने प्रत्येक बुद्धमार्गीको हृदयमा रहेको आध्यात्मिक तथा भावनात्मक उत्साहको सान्दर्भिकता र सामयिकताको पुष्टि गर्दछौं ।

v) भगवान् बुद्धका सारगर्भित उपदेशहरू एवं उहाँको आदर्श जीवनको उदाहरणबाट, बौद्ध इतिहासको साक्ष्य एवं विश्व बौद्ध समुदायको लगनशीलताबाट प्रेरणा र शिक्षा प्राप्त गर्ने निश्चय गर्दै आन्तरिक शान्ति पाउन र दया, करुणा सहानुभूति र स्थैर्य जस्ता बौद्ध सिद्धान्तहरूको आधारमा विवादहरूको समाधान गर्न र लोभ, हिंसा, घृणा, पूर्वाग्रह, सामाजिक असमानताजस्ता शान्तिबाधक तथा मानव समाजमा विभाजन ल्याउने कारक तत्वहरूको प्रतिकार गर्न ध्यान गर्ने अठोट गर्दछौं ।

2) समस्त बुद्धमार्गी तथा शान्तिप्रेमी नागरिकहरूको अन्तर्राष्ट्रिय समुदायले, लुम्बिनीलाई विश्व शान्तिको मुहान तथा सम्पूर्ण बुद्धमार्गी तथा शान्तिप्रेमी नागरिकहरूको पवित्रतम तीर्थ हो भन्ने नेपालको घोषणा स्वीकार गरोस् भनी निर्णय गर्छौं र श्री ५ को सरकारले यसतर्फ गर्ने प्रयासमा होस्टेमा हैंसे गर्ने दायित्व लिन्छौं । अतएव हामी :-

i) विश्व शान्तिको मुहान लुम्बिनीको यस महती प्रेरणालाई कसरी र कुन प्रकारले मानव समुदायको शान्ति र कल्याणको लागि प्रवाहित गर्न सकिएला भनी पुन: गहन विचार गर्नेछौं,

ii) भगवान् बुद्धको जीवन र कार्यसँग सम्बन्ध भएका कपिलवस्तु (तिलौराकोट) देवदह र रामग्रामको पनि उत्खनन संरक्षण र अनुसन्धान गर्दै अध्ययन र विकास गर्न जोड दिन्छौं,



Downloaded from http://www.dhamma.digital

iii) लुम्बिनी नजीकै अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्नुपर्ने विषयको श्रीलंकाको प्रस्तावउपर तुरुन्त गम्भीरतापूर्वक विचार गरिनुपर्छ भनी अनुशंसा गर्छौं र लुम्बिनी विकास कार्यमा भ्याएसम्मको सहयोग दिने भन्ने श्रीलंका प्रतिनिधि मण्डलको प्रस्तावको हार्दिक सराहना गर्दछौं ।

iv) लुम्बिनी विकास कोषलाई आर्थिक, भौतिक र मानवीय सहयोग पुऱ्याएर मात्र हैन अन्तर्राष्ट्रिय बौद्ध संस्थाहरूका धार्मिक र सांस्कृतिक कार्यक्रमहरूमा निरन्तर सहभागिता गरेर लुम्बिनी विकास कोषको लक्ष पूरा गर्न हातेमालो गर्ने छौं ।

v) बौद्ध शिक्षण संस्थाहरू तथा संगठनहरूलाई, विद्यमान भौतिक पूर्वाधारमा सुधार तथा विस्तार गर्न मात्र हैन शान्ति अध्ययनमा विशेष महत्व दिएका नयाँ नयाँ अध्ययन अनुसन्धान कार्यक्रम विकास गर्न पनि आग्रह गर्दछौं ।

vi) लुम्बिनीमा अन्तर्राष्ट्रिय बौद्ध विश्व विद्यालय स्थापना गर्ने र थाइल्याण्डमा उक्त विश्व विद्यालयको पूरक र सहयोगी शिक्षण संस्था स्थापना गर्ने प्रस्तावको सम्भाव्यता अध्ययन होस् भनी सुझाव राख्दछौं ।

vii) बैशाख पूर्णिमालाई लुम्बिनी दिवस घोषणा गर्न श्री ५ को सरकारलाई आग्रह गर्दै लुम्बिनीको धार्मिक महत्ववारे जनचेतना जगाउने उपयुक्त धार्मिक आध्यात्मिक र सांस्कृतिक कार्यक्रमहरू सञ्चालन गर्न श्री ५ को सरकारसँग अनुरोध गर्दछौं ।

viii) लुम्बिनीमा भए/गरेका आध्यात्मिक कृयाकलाप र विकास गतिविधिको प्रचार-प्रसार गरिदिन अन्तरराष्ट्रिय समुदायलाई आव्हान गर्दछौं ।

ix) लुम्बिनी विकास कोषलाई आफ्नो कार्य सञ्चालन गर्न अत्यावश्यक भएको आर्थिक सहयोगबारे हाम्रा सरकारहरू तथा दाताहरूलाई ध्यान दिन आग्रह गर्दछौं ।

x) लुम्बिनी विकास कोषलाई पनि, दाताहरू र सहयोगीहरूसँग सहयोग वार्ता आरम्भ गर्न र त्यसलाई निरन्तरता दिन अनुरोध गर्दछौं ।

xi) अन्तर्राष्ट्रिय समुदाय तथा सम्बन्धित निकायहरू एवं व्यक्तिहरूसंग सम्पर्क राखी विद्यमान गुरु योजनाको पुनरावलोकन गर्न पनि कोषलाई अनुरोध गर्दछौं ।

श्री ५ को सरकार र विशेषत: लुम्बिनी विकास कोषलाई हालको व्यवस्था र प्रकृयाउपर पुनरावलोकन गर्न आग्रह गर्दछौं ।

xii) संशोधित गुरुयोजनाले निर्दिष्ट गरेका कार्यहरू निर्बाध रूपले सम्पन्न हुदै गई तोकेको अवधिभन्दा पहिले नै गुरुयोजनाको कार्य समापन भइसकोस् भन्ने सुनिश्चित गर्नको निम्ति एउटा अन्तरराष्ट्रिय बोर्ड गठन गर्नेतर्फ बिचार गर्न श्री ५ को सरकार र लुम्बिनी विकास कोषलाई अनुरोध गर्दछौं ।

xiii) लुम्बिनी विकास कोषलाई अविछिन्न उत्तराधिकारयुक्त स्वशासित संस्था वनाउन श्री ५ को सरकारमा अनुरोध गर्दछौं र संयुक्त राष्ट्र लुम्बिनी विकास समितिलाई पुनर्जीवित गर्न संयुक्त राष्ट्रसंघलाई अनुरोध गर्दछौं ।

xiv) लुम्बिनी क्षेत्रभित्रका र वरपरका जनसमुदायलाई लुम्बिनी विकास कार्यमा मात्र हैन, शान्तिका राजकुमार गौतम बुद्धको जन्मभूमिलाई नभै नहुने पवित्रता, शान्ति र सौम्यताको वातावरण संरक्षण गर्ने कार्यमा पनि सक्रिय सहभागी बनाउनुपर्छ भन्ने सिफारिस गर्दछौं ।

3) माथि दिइएका सुझावहरू र गरिएका अनुरोधहरूको कार्यान्वयनको निम्ति गर्नुपर्ने प्रचार-प्रसार र प्रवर्द्धनमा हामी नेपालको सहभागी हुने निर्णय गर्दछौं र विश्वको शान्तिप्रेमी नेतृत्ववर्ग र नेपाल बीचको मैत्री कायम रही अझ मौलाउने फष्टाउने छ भनी आशा र कामना गर्दछौं । त्यसै कारण यस्ता शिखर सम्मेलन लुम्बिनीको यस पावन धर्तीमा प्रति दुई बर्षमा भइरहनु पर्छ भन्ने हाम्रो हार्दिक चाहना व्यक्त गर्दछौं ।

★ ★ ★

लुम्बिनी घोषणा गरिसकेपछि लगत्तै प्रधान मन्त्री श्री गिरीजा प्रसाद कोइरालाज्यूले यस घोषणालाई कार्यान्वयन गर्ने प्रतिबद्धता प्रकट गर्नुभएको थियो । चर्चा छ, सबै विश्व बौद्ध सम्मेलनमा उद्घोषण र प्रस्तावहरू पास गरिन्छन् । तर तिनीहरूको कार्यान्वयन भने भएको छैन । तैपनि यस लुम्बिनी घोषणालाई कार्यान्वयन गर्न सकेको खण्डमा यसले विश्वमा एउटा नमूनाको रूप लिन सक्ने छ । ■


Downloaded from http://www.dhamma.digital

# लुम्बिनी क्षेत्रले अब काँचुली फेर्दैछ

*यो लेख सम्मेलन पहिले नै लेखिएको हो । (सं)*

✍ माधव ढुंगाना

लुम्बिनी (भैरहवा) १३ मंसिर - निकै दिनपछि तपाई भगवान् बुद्धको जन्मस्थल लुम्बिनी आउँदै हुनुहुन्छ भने तपाई आश्चर्यमा नपरिरहनु हुनेछैन । किनकि यसै साता सम्पन्न हुन गइरहेको विश्व बौद्ध शिखर सम्मेलनका कारण लुम्बिनी क्षेत्रको अनुहार फेरिएको छ ।

यतिबेला लुम्बिनी क्षेत्र रंगीचंगी ध्वजापताकामा रंगिएको छ । स्वागत द्वारहरू बौद्ध धर्मावलम्बनीहरूको सम्मानका लागि आतुर देखिन्छन् भने सरसफाइ, मानिसहरूको चहलपहल पनि निकै बढेको छ । तर सम्मेलन सम्बन्धी चहलपहल मात्र बढेको होइन, लुम्बिनी क्षेत्रले नै काँचुली फेर्दैछ ।

आउँदो मंसिर १५ र १६ गते हुने बौद्ध शिखर सम्मेलनमा हालसम्म २६ राष्ट्रका प्रतिनिधि आउने निधो भइसकेको छ। यो सम्मेलनको लुम्बिनीको महत्व विश्वमा छरिने र यसले नेपालको धार्मिक पर्यटनलाई पनि विश्वमा फिजाउने आशा आयोजकहरूले राखेका छन् ।

सम्मेलनका कारण भताभुंग रहेको मायादेवीको मन्दिरले रूप फेर्ने अवसर पाएको छ भने त्यहाँ जाँदा अत्याउने दुई वटा जीर्ण पुल पनि अहिले पक्की बनिसकेका छन् ।

त्यसो त कैयन विदेशी राष्ट्रहरूको सहयोग र सरकारी स्तरबाट पनि वार्षिक १ करोड रुपैयाँ लुम्बिनीको विकासका लागि छुट्याइँदै आएको थियो । रकम आएर विकास नभएको देख्दा यहाँ आउने जो कोही पनि चिन्तित हुने गर्थे- यति धेरै विदेशी सहयोग र सरकारले विकासप्रति छुट्याएको बजेट कहाँ गयो होला ?'

केही महिना अघिसम्म लुम्बिनीको हाताभित्र रहेको मायादेवीको मन्दिर अगाडि कुनै पनि बेला सवारी साधन भासिने दुई वटा जीर्ण काठको पुल, भिक्षु नावातामेको हत्यापछि निर्माण रोकिएर भताभुंग रहेको मायादेवी मन्दिर, दशवर्ष अघि नै पूरा हुनुपर्ने केन्जोटाँगेको गुरुयोजना लथालिंग रहेको थियो । त्यसले झण्डै झण्डै स्वदेशी र विदेशी बौद्ध धर्मावलम्बीहरूको विश्वास गुमाइसकेको थियो ।

पहिलो पटक सरकारी तवरबाटै लुम्बिनीमा विश्व बौद्ध शिखर सम्मेलनको आयोजना गरेर पुन: बौद्ध धर्मावलम्बीहरूलाई आकर्षित गर्ने प्रयासको थालनी भएको छ । अहिले लुम्बिनी क्षेत्रको विकासमा तीब्रता आएको छ, केही महिनाभित्रै यसले नयाँ रूप लिइसक्ने स्थिति देखापरेको छ ।

लुम्बिनी क्षेत्रको रूप कस्तो अवस्थासम्म पुगेको थियो भन्ने कुराको पुष्टि लुम्बिनी भौतिक पूर्वाधार व्यवस्था उपसमितिका संयोजक तथा सांसद दीपकुमार उपाध्यायको भनाइले पनि स्पष्ट पार्छ । तत्कालीन लुम्बिनी विकास कोषका अध्यक्ष श्री ५ अधिराजकुमार ज्ञानेन्द्र वीर विक्रम शाहको पालामा सरसफाइ भएको कोषको कार्यालयले समेत अहिले आएर बल्ल सफाइ हुने अवसर पाएको छ' उपाध्यायले भन्नुभयो ।

लुम्बिनी विकासका लागि प्रो. केन्जो टाँगेबाट गुरुयोजना तयार भएको बीस वर्षमा पनि खासै विकास भएको थिएन ।

भताभुंग मायादेवीको मन्दिर निकै सुन्दर देखिन पुगेको छ । लुम्बिनी क्षेत्रसँगै जोडिएको एक माइल लम्बाइको केन्द्रीय नहरले सफा हुने मौका पाएको छ । नहरमा पानी भरिनाले निकै आकर्षक बनेको छ ।

प्रार्थनास्थलहरू, भगवान् बुद्ध जन्मिनासाथ नुहाइएको पवित्रकुण्ड सफा सुन्दर बनाइएका छन् । लुम्बिनी क्षेत्रको बाह्य परिक्रमा पथको करिब ३ किलोमिटर ग्राभेल सडक निर्माण भइसकेकोले गाडीबाटै लुम्बिनी क्षेत्र घुम्न सकिनेछ ।

'निर्माण सम्पन्न भएका अधिकांश कार्यहरू गुरुयोजना अनुसार नै भएको छ' लुम्बिनी विकास कोषका कोषाध्यक्ष छत्रराज शाक्यले भन्नुभयो । उहाँका अनुसार, दुई महिनाभित्रै चौबिसै घण्टा काम गरेर निर्माण कार्य सक्ने लक्ष्य राखिएको छ ।

यतिमात्र होइन, सम्मेलन सफल गराउनका लागि गरिएको कामले भैरहवा, लुम्बिनी हुँदै तौलिहवा पुग्ने धुले सडकले सुधार हुने मौका पाएको छ ।

दश वर्षको अवधिमा निर्माण हुन नसकेको काम केही समयभित्रै पूरा भएकोमा लुम्बिनी विकास कोषका उपाध्यक्ष गजेन्द्रकुमार लामा खुसी व्यक्त गर्छन् । 'सरकारले लुम्बिनीमा शिखर सम्मेलन गर्ने घोषणा गरेपछि प्रत्येक काममा सरकारी निकाय र स्थानीय बासिन्दाको राम्रो सहयोग पाइयो' लामाले भन्नुभयो ।

सांसद उपाध्याय भने सन् १९८८ भित्र सम्पन्न भइसक्नु पर्ने गुरुयोजना अझै अधुरो रहेको बताउनुहुन्छ । 'सरकारले दुई वर्षभित्रै भौतिक पूर्वाधार पूरा गर्नका लागि राष्ट्रिय प्राथमिकता दिएर लुम्बिनीको विकास गर्न संकल्प गर्नुपर्छ' उहाँले भन्नुभयो ।

'अन्तर्राष्ट्रिय सहयोगको सदुपयोग भएको भए र राष्ट्रिय योजनामा प्राथमिकता दिइएको भए अहिलेसम्म लुम्बिनीमा धेरै विकास भइसक्ने थियो' सांसद उपाध्यायले भन्नुभयो- 'अहिले देखिएको काम थालनी मात्र हो, यसले निरन्तरता पाउनुपर्छ ।' ■



Downloaded from http://www.dhamma.digital

# बौद्ध सम्मेलनमा भारतीय दाबीलाई कमजोर पार्ने प्रयास भएन

✍ प्रकाश अविनाश

काठमाडौं । राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरका सम्मेलनहरू गरेर बुद्धको जन्मस्थल लुम्बिनीको प्रचार प्रसार गरिए पनि भारतीय पक्षले दाबी गर्दै आएको कपिलवस्तुको बारेमा भने उचित प्रचार प्रसार हुन सकेको छैन ।

गौतम बुद्धका बाबु राजा शुद्धोधनको वास्तविक दरबार र स्वयम् गौतम बुद्ध समेत २९ वर्षसम्म रहेको स्थान कपिलवस्तुलाई भारतीय पक्षले आफ्नो भनेर पिपरहवामा कपिलवस्तु स्थापना गरेपछि गौतम बुद्धलाई नै भारतीय नागरिक बनाउने प्रयास हुँदै आएको छ ।

कपिलवस्तु आफ्नो भनेर विश्वभर प्रचार गर्ने भारतीय पक्षले लुम्बिनीलाई बुद्धको जन्मस्थल भनेर सधैं स्वीकार्दै आएको र हाल बनाइएको पिपरहवाको कपिलवस्तु दरबारबाट बुद्धकी आमा मायादेवी माइत जाँदा बाटो (लुम्बिनी) मा बुद्ध जन्मेको प्रचार प्रसार गर्ने गरेका छन् ।

नेपालका लागि भारतीय राजदूत के. भी राजनले पनि करिब एक वर्ष अगाडि राजधानीमा सम्पादन समाजद्वारा आयोजित साक्षात्कार कार्यक्रममा 'लुम्बिनी बुद्धको जन्मस्थल हो भन्ने कुरामा विवाद नभएको' कुरा बताउँदै कपिलवस्तुबारे सोधिएको एक प्रश्नको उत्तरमा 'आफूले यस विषयमा अध्ययन नगरेकोले नबोल्ने' कूटनीतिक उत्तर दिनुभएको थियो ।

नेपालकै राजनीतिक नेताहरूले समेत "लुम्बिनी नेपालको हो" भनेर लुम्बिनीलाई भारतले दाबी गरेको रूपमा भ्रममा बोल्ने गरेको फाइदा उठाएर भारतले गत वर्ष पिपरहवामा 'कपिलवस्तु महोत्सव' समेत मनाइसकेको छ ।

### विवाद कसरी शुरु भयो ?

गौतम बुद्धको जीवनका प्रमुख चार घटनाहरूमध्ये तीन ज्ञान प्राप्त गरेको स्थान बुद्धगया प्रथम धर्मचक्र प्रवचन सारनाथ, महापरिनिर्वाण कुशिनगर भारतमा पर्ने तर जन्मस्थल लुम्बिनी नेपालमा पर्ने अकाट्य प्रमाण भएकोले लुम्बिनीदेखि करिब ६ कि.मी. दक्षिण भारतमा रहेको बौद्ध विहारलाई भारतीय पक्षहरूले गौतम बुद्धको दरबारको रूपमा चित्रित गरेर बुद्धलाई भारतीय नागरिक बनाउने प्रयास गर्न थाले ।

पर्यटन क्षेत्रमा नेपालभन्दा भारतीय पक्षहरू अगाडि भएकोले पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले नै बौद्ध विहार रहेको पिपरहवालाई कपिलवस्तुको रूपमा पर्यटकहरूलाई चिनाउने गरेको बताइन्छ ।

'भारतले प्राचीन कपिलवस्तु भनेर दाबी गरेको पिपरहवा क्षेत्र वास्तवमा भिक्षुहरूको ध्यान केन्द्र जस्तो मात्र देखिन्छ'- बौद्ध संस्कृतिविद् केदार शाक्य बताउनुहुन्छ ।

विदेशी पर्यटकहरूलाई भारतीयहरूले पिपर हवालाई नै 'प्राचीन कपिलवस्तु' यो रूपमा चिनाउने गरेकोले त्यस्ता पर्यटकहरूले लेख्ने लेखमा कपिलवस्तुलाई भारतमा नै भएको लेखिदिने र भारतीय पक्षले प्याकेजको रूपमा लुम्बिनी ल्याउने पर्यटकहरूलाई पनि लुम्बिनी नेपालमा पर्ने कुरा नबताउने, सो क्षेत्र घुमाएर भारतमै फर्काउने गरेकोले पनि पर्यटकहरूले लुम्बिनी समेत भारतमा रहेको उल्लेख गर्ने गरेको बताइन्छ ।

नेपालको तिलौराकोट नै वास्तविक कपिलवस्तु हो भन्ने यथेष्ट प्रमाणहरू हुँदाहुँदै पनि प्रचार प्रसारको अभावमा भारतीय पक्षले कपिलवस्तु भारतमा नै पर्छ भनेर प्रचार प्रसार गर्ने क्रम तीव्ररूपमा चलिरहेको छ ।

### नेपालको कमजोरी

५ औं र ७ औं शताब्दीमा नेपाल आएका चिनियाँ तीर्थयात्रीहरू फाव्हीयान र व्हेनसाङको यात्रा वर्णनमा गौतम बुद्धको दरबारको बारेमा उल्लेख गर्दै धौलागिरि हिमाल देखिने, नजिकै अनौमा (बाण गंगा) नदी बग्ने, जन्मस्थल यति दूरीमा छ भन्ने प्रष्ट उल्लेख भएको छ । तर यी कुराहरूसमेत नेपालले प्रचार प्रसार गर्न सकेको छैन ।

त्यसै गरी, स्वयम् गौतम बुद्धले भारतमा प्रवचन दिने क्रममा 'आफू हिमाल देखिने भूमिबाट आएको' कुरा प्रष्ट भनेको र कपिलवस्तुको दरबारमा रहेको बुद्धले महाभिनिष्क्रमण (दरबार त्याग) गरेको द्वार र उत्खननबाट देखिएको पुरातात्त्विक वस्तुहरूको समेत प्रचार प्रसार हुन सकेको देखिदैन ।

यसको साथै भारतीय र विदेशी पर्यटकहरूसमेतले अत्यधिकरूपमा भ्रमण गर्ने लुम्बिनी क्षेत्रमा नेपालको कपिलवस्तु बारेमा जानकारी दिने बोर्ड वा ब्रोसियरहरूसमेत नेपालले राख्न सकेको छैन ।



Downloaded from http://www.dhamma.digital

कपिलवस्तु क्षेत्रको विकासको बारेमा पुरातत्त्व विभाग र लुम्बिनी क्षेत्र विकास कोषको समेत आपसी विवाद रहँदै आएको छ ।

लुम्बिनी क्षेत्रमा विदेशी सहायता आउने तर कपिलवस्तु क्षेत्रमा नआउने भएको कारण कोषले आफ्नो अधिकार क्षेत्रभित्र हुँदाहुँदै पनि कपिलवस्तुको विकास कार्य विभागलाई पन्छाउने गरेको छ ।

तर विभागले बजेटको अभावको कारण त्यहाँ उत्खनन भएका वस्तुहरूको उचित संरक्षण गर्न सकिरहेको छैन भने अहिले बजेट अभावकै कारण कपिलवस्तुको उत्खनन कार्यसमेत ठप्प हुन पुगेको छ ।

'विभागमा बजेट छैन, हेर्नुपर्ने लुम्बिनी कोषले विभागलाई पन्छाउने गरेको छ । यसैले कपिलवस्तुको बृहत् उत्खनन् कार्य हुनसकेको छैन'- विभागका उच्चस्तरका अधिकृतहरू नाम नछाप्ने शर्तमा लाचारी व्यक्त गर्छन् ।

अन्तर्राष्ट्रियस्तरमा कपिलवस्तु भारतमा पर्छ भन्ने भारतको प्रचार प्रसारले गर्दा नेपालको कपिलवस्तु क्षेत्रको विकासको लागि भारतसँग विवादमा पारिने डरले विदेशी दातृ संस्थाहरूसमेत सहयोग गर्न हिच-किचाइरहेको कुरा विभागका अधिकृतहरू स्वीकार्छन् ।

लुम्बिनी क्षेत्र विकास कोषमा राजनीतीकरण हुने गरेको कारण कोषका पदाधिकारीहरूले कपिलवस्तुको बारेमा गम्भीर अध्ययन गर्न नपाउने, गर्न खोजे पनि ज्ञान नभएका व्यक्तिहरूको कारणसमेत कपिलवस्तुको विकास पछि परिरहेको बताइन्छ ।

'लुम्बिनी विकास कोषमा राजनीतीकरण भयो । बलियो र स्थिर संस्था बन्न सके मात्र कपिलवस्तुको समेत विकास हुनसक्छ'-धर्मोदय सभाका महासचिव डा. त्रिरत्नमान तुलाधरको विचार छ ।

'कपिलवस्तुको विकासको लागि उत्खननबाट प्राप्त पुरातात्त्विक वस्तुहरूको बारेमा बढी प्रचार प्रचार हुनुपर्छ'- लुम्बिनीसँगै कपिलवस्तुको पनि विकास हुन नसक्नु दुःखको कुरा हो भन्नु हुने डा. तुलाधर भन्नुहुन्छ ।

लुम्बिनी विकास कोषमा राजनीतीकरण हुन नहुने विचार राख्नुहुने बौद्ध संस्कृतिविद् केदार शाक्य पनि कपिलवस्तुको विकास गर्न र सो क्षेत्रलाई विवाद रहित बनाउन 'उत्खननको प्रचार प्रसार, संरक्षण राम्रोसँग हुनुपर्ने' विचार व्यक्त गर्नुहुन्छ । ■

*( साभार - समाचारपत्र )*

## थ:गु जन्म म्हसीका

**✍ वेखारत्न शाक्य, यल**

आहा ! थ्व भीगु, जन्म गुजागु
पवित्र भूमि जन्म भी जूगु
भौतिक धने चीमि जूसानं
कर्म थ्व भीगु रत्न समान

बांलाक म्हसीका: बुद्धया शिक्षा
पालन भीसं मद्वंक याना:
कर्त्तब्य थ:गु थ्व जन्मया
भविष्य भिंका: वनेनु धका:

दुगु थ्व भीके पापया चित्त
धर्मया ज्ञानं चीका भीसं छ्वया
दु:खियात भी करुणा तया:
यायेनु धर्म उपकार नं

जन्मया कर्म भिंथाय् ला:गु
ज्ञानया मतं भीसं खंका कया
अमूल्य जन्म सार यायत
बुद्धया ज्ञाने भी वनेनु

अनित्य स्यूसां लोभ भीके दया:
त्यागया चित्त तनाच्वन भीके
लुमंका: बुद्धयागु शिक्षा
महत्त्व थ्वीका: दान यायेनु ।

बुद्ध जूम्ह व बूगु लुम्बिनी
भीगु नेपा:या पवित्र भूमी
आहा ! थ्व भीगु भाग्य गुजागु
नेपाया भूमी भी जन्म जूगु ।

**धर्मकीर्ति पत्रिकाको विशेष सदस्य**

क्र.सं. २९२

**सुश्री जयन्ती सुवाल**

कोपुण्डोल, नेपाल ।

रू. १०१०/-



Downloaded from http://www.dhamma.digital

# धम्मपद - ११६

✍ रीना तुलाधर

"हिरि निसेधो पुरिसो
कोचि लोकस्मिं विज्जति
यो निन्दं अप्पबोधति
अस्सो भद्रो कसा मिव"

**अर्थ–** लज्जा हुनुपर्ने काम छोड्ने मानिस यस लोकमा थोरै मात्र छन् । असल घोडाहरूले कोर्दा खानुपर्ने काम छोडे झैं कोही कसैले मात्र निन्दित हुनु पर्ने काम छोड्छन् ।

**अस्सो यथा भद्रो कसा निविट्ठो
आतापिनो संवेगिनो भवाथ
सद्धाय सीलेन च विरियेन च
समाधिना धम्म विनिच्छयेन च
सम्पन्न विज्जाचरणा पतिस्सता
पहस्सथ दुक्खमिदं अनप्पकं**

**अर्थ–** कोर्दाको चोट सहन नसक्ने असल घोडा जस्तै तिमीहरू पनि प्रयत्नशील, संवेगी बन । श्रद्धा, शील, वीर्य, समाधि धर्म-विनिश्चयले युक्त भएर विद्यावान, आचारवान भएर स्मृती साथमा राखेर, यस महान दु:खलाई हटाउ ।

**घटना–** भगवान बुद्धले जेतवन विहारमा रहनु हुँदा पिलोतिक थेरको कारणमा उपरोक्त गाथाहरू भन्नु भएको थियो ।

आनन्द भिक्षुले एकदिन भुत्रो मैलो कपडा लगाएर थोत्रो भाँडामा खाना मागेर हिंडीरहेको एउटा केटालाई देखेर दया करूणा राखी उसलाई श्रामणेर बनाउनु भयो । ती श्रामणेरले आफ्नो झुत्रो लुगा र थोत्रो भाँडो एउटा रूखमा झुण्ड्याएर छोडेर आए । श्रामणेर भएपछि उसको नाम पिलोतिकतिस्स रह्यो । प्रव्रजित भएपछि पर्याप्त दान प्राप्त भएको ठाउँमा बसेकोले उसलाई खान र लाउनको लागि पीर गर्नु परेन । तैपनि उसलाई प्रव्रजित जीवनदेखि दिक्क लागेर आउँथ्यो र प्रव्रज्या त्याग गरूँ भन्ने मनमा लाग्थ्यो । जब जब मनमा यस्तो लाग्थ्यो उनी त्यही झुत्रो लुगा र थोत्रो भाँडो झुण्ड्याएको रूखमुनी जान्थ्यो । रूखमुनी बसेर आफैसँग प्रश्न गर्थ्यो – "अय् लज्जा नभएको मानिस ! के तिमीलाई राम्रो खान लाउन पाएको ठाउँ छोडेर फेरि झुत्रो लुगा लगाएर माग्दै खान जान मन लाग्छ ?" यसरी उसले आफैंले हप्काउँथ्यो र मन शान्त गरेर फेरि विहारमा फर्कन्थ्यो ।"

दुई तिन पछि फेरि भिक्षुत्व त्याग्ने विचार मनमा आएपछि फेरि रूखमुनि जान्थ्यो र आफूले आफैंलाई हप्काएर विहारमा फर्कन्थ्यो । यसरी उसले बारम्बार गरीरहेको देखेर अरू भिक्षुहरूले उसलाई यस्तो गर्नाको कारण सोधे । उसले भिक्षुहरूलाई आफ्ना आचार्यकहाँ गएर आएको कुरा भन्यो । एकदिन यसरी नै रूखमुनि बसेर आफ्नो पुरानो झुत्रो लुगा र थोत्रो माग्ने भाँडोलाई हेर्दै उसले भावना गर्दागर्दै अनित्य, दु:ख, अनात्मा भावको बोध भयो र उनी अरहत भए । त्यस दिन पछिबाट उसले रूख भएको ठाउँमा जान छोडे । भिक्षुहरूले उसले बरोबर रूख भएकोतिर जान आउन छोडेको कारण सोधे । उसले जवाफ दियो– "जब मलाई आवश्यकता थियो म गएँ । अब मलाई आचार्यकहाँ जाने आवश्यकता छैन र गइन ।" उसको यस्तो जवाफ सुनेर भिक्षुहरूले उसलाई भगवान बुद्धकहाँ लगे । भिक्षुहरूले भने– "यो भिक्षुले आफू अरहत भएको कुरा भन्छन् । उसले झूठो बोलेको हुनुपर्छ ।" भगवान बुद्धले भन्नुभयो– "भिक्षुहरू ! पिलोतिकतिस्सले झुठो कुरो भनेको छैन । उसले सत्य नै भनेको छ । उसलाई अब त्यो आचार्यसँग सम्बन्ध राख्नु छैन । पिलोतिकतिस्सले अब सत्य र असत्यको कारणहरू छुट्याउन सक्छन् । सत्यको ठीक ठीक विचार गर्न सक्छन् । उनी अरहत भइसके । त्यसैले उसको र उसको आचार्यको सम्बन्ध छैन । यस्तो भन्नुहुँदै भगवान बुद्धले उपरोक्त गाथा भन्नुभयो । ■

*सम्यक गीत*

## मातृशक्ति

✍ भिक्षु विशुद्धानन्द

घर आंगनमा रमाउन नपुग्दै पर हिताय गृहत्यागी
कर्तव्यमा सक्षम गृहमन्त्री, अधिकारमा नि:शुल्क दासी
आकाश जस्तो विशाल हृदय, हिमाल जस्तो उच्च आंकाक्षा
सागर जस्तो गम्भीर जीवन, पृथ्वी जस्तो ठोस व्यवहार
भव संसार सृष्टिकर्ता, बुद्ध महापुरुषहरूका जननी
बिताउंछ जीवन विना सम्मान, पर्दा भित्रको जीउदो शहीद
आफू नरक भोग गरेर, अरुलाई स्वर्गीय आनन्द दिने
रगतलाई दूध बनाउन सक्ने, दु:ख सहेर सुख बाँडि दिने
उपेक्षित सुखमा, खेलौना सबैको, दु:खमा सबैको आधार
छैन उसको जीवन सार, जो बुझ्दैन आमाको गुण प्यार



Downloaded from http://www.dhamma.digital

# अम्बट्ठ–सुत्र (क/३)

✍ कोण्डन्य, संघाराम

त्रिपिटक अन्तर्गत दीघनिकायको लक्षण वर्गको तेश्रो सूत्र हो - 'अम्बट्ठ-सुत्र (अम्बष्ठ सुत्त)' । मूल सूत्तानुसार भगवान् बुद्ध कोशल (अवध) देशको इच्छानंगल नामक ब्राह्मण गाउँमा विराजमान रहनुहुँदा कोशल नरेश प्रसेनजितले उक्कट्ठामा जागीरमा लगाइएको पौष्करसाति विद्वान ब्राह्मण आफू स्वयं बुद्ध समक्ष जाने आँट नगरीकन आफ्ना शिष्य अम्बष्ठलाई– "श्रमण गौतमको ख्याति प्रसिद्ध हुँदै गइरहेको छ, त्यो ठीक छ कि छैन, बत्तीस लक्षणलेयुक्त व्यक्तित्व हो वा होइन राम्ररी बुझेर आउनू" भनी खटाउँछ ।

अम्बष्ठले उच्चवर्णको घमण्ड प्रदर्शनिगरी बुद्धसित एकदमै असभ्य र अशिष्टपूर्वक कुराकानी गर्छ । नीचतापूर्ण व्यवहार प्रदर्शन गर्दै यस्तो भन्छ– "हे श्रमण गौतम ! मुण्डक, श्रमण, इभ्य (=नीच), कालो वर्णक, ब्रह्माको पाइतालाको सन्तान (शूद्र) संग यसरी नै कुराकानी गर्नुपर्छ जसरी अहिले म तिमी गौतमसित कुरा गर्दैछु ।" आवश्यक र चाहिने कुरामा मात्रै ध्यान दिनुपर्छ, कुन कामको लागि आएको हो त्यों स्पष्ट पारे हुन्छ भनी बुद्धले भन्छ र अनि उ झन् रिसले आगो भएर 'शाक्य जाति चण्डाल हुन्छ, रिसालु-झगडालु हुन्छ, बकवादी (धेरै कुरामात्र जान्ने), इभ्य (नीच) हुन्छ, नीच भएर पनि ब्राह्मणहरूलाई गर्नुपर्ने शिष्टाचार, गौरव, पूजा-सत्कार नगर्नेहरू – यो राम्रो काम भएन ।' भनी मनोभाव व्यक्त गर्छ ।

'होइन शाक्यहरूले खास त्यस्तो के बिगारेको छ र ?' भनी बुद्धले प्रश्न तेर्साउँदा उसले पुन: आक्षेप गर्दै मुख खोल्छ – 'हाम्रा गुरु पौष्करसाति कपिलवस्तुको संस्थागार (संसदभवन) जानु भएको बेला त्यहाँ धेरै शाक्य राजकुमार र अरुहरू ठूल्ठूला आसनहरूमा बसेर आफू मनपरी चलेर बसे, गुरुलाई एउटा आसन पनि दिएन, शिष्टाचार (औपचारिकता) पूर्ण व्यवहार देखाएन ।' 'यति सानो कुरामा पनि त्यस्तो डाहा हुनु पर्छ र ?' भनी बुद्धले प्रश्न गर्दा उसले तेश्रो आक्षेप यसरी लगाउँछ– 'चारवर्ण छन्– क्षेत्री, ब्राह्मण, वैश्य तथा शूद्र । यसमा क्षेत्रिय, वैश्य र शूद्र यी तीनै वर्ण ब्राह्मणका सेवक हुन् ।'

बुद्धले उसँग के गोत्रको भनी सोध्छ– 'कृष्णायण (कण्हायण) गोत्र' भनी उत्तर दिन्छ । अनि यसपछि बुद्धले अम्बष्ठलाई शाक्य जातिको ऐतिहासिकताका बारेमा यसरी स्पष्ट पार्दै लान्छ– 'तिमी शाक्यहरूका दासी-पुत्र हौ । शाक्य राजाहरूले ओक्काक (इक्ष्वाकु) राजालाई आफ्नो पुर्ख्यौली (पितामह) मानेको छ । राजा इक्ष्वाकुले आफ्ना प्रिय महारानीको पुत्रलाई राजा बनाउने भनी उल्कामुख, करण्डु, हास्तिनिक र सिनीसूर – यी पुत्रहरूलाई राज्यबाट निकाला गरिदियो । निर्वासित जीवनमा जाति (वर्ण/रंग) बिग्रिन्छ (नष्ट हुँदै जाला) भनी तिनीहरूले आफ्नै बहिनीहरूसँग संवास (यौन सम्पर्क) गर्दै रहे । दरबारिया अमात्यहरू मार्फत राजकुमारहरूको यस्ता काम-कुरा सुनी राजाले यसरी उद्गार व्यक्त गर्छ– 'राजकुमारहरू शाक्या (शक्तिवान/सामर्थ्यवान) हुन् ।' यहाँ देखि शाक्य जाति भनिएको हो । इक्ष्वाकु राजाको दिसा नाम गरेकी दासिले पाएको बच्चालाई कृष्ण वा पिशाच भनिने गर्छ । उक्त कृष्णको वंशज कृष्णायण हो; त्यसैले तिमी शाक्यहरूका दासी-पुत्र हौ ।'

कालान्तरमा गएर कृष्ण महान ऋषि बन्छ, एकदिन इक्ष्वाकु राजाका मद्यरूपी छोरी माग्छ (कन्यादान), तर राजाले यो मेरो दासी-पुत्र भएर पनि अझ मेरै छोरी माग्छ यसले भन्दै मनमा रीस उठाई नरमाइलो मान्छ । वाणले हिर्काउने योजना बनाउँछ, तर ऋषिले असफल पारिदिन्छ । पछि कृष्ण ऋषिको शक्ति (ब्रह्मदण्ड) देखेर भयभीत हुन्छ र आफ्नो छोरी कन्यादान गर्छ । यसरी कृष्ण ऋषि महान ऋषि हो भनेर बुद्धले अम्बष्ठलाई 'दासी-पुत्र' भनी झ्याली पिट्नेहरू भएतापनि कुनै संकोच (डर) मान्नुपर्ने छैन भनी उसलाई साथ (आड) दिन्छ ।

यसपछि बुद्धले जातिवादको अभिमानलाई त्याग्नु पर्ने कुरामाथि जोड दिँदै स्पष्ट पार्छ– 'अम्बष्ठ ! जो कोही जातिवादमा, गोत्रवादमा, अभिमानवादमा, आवाह-विवाहमा भौंतारिएर (फस्नु) रहेमा उक्त व्यक्ति अनुपम-विद्या आचरणले युक्त सम्पदाबाट टाढिएर रहने हुन्छ । बरू जातिवादी-बन्धन, गोत्रवाद-बन्धन, मानवाद-बन्धन र आवाह-विवाह बन्धनलाई त्याग गरेरमात्र अनुपम विद्या र आचरणले युक्त सम्पदालाई साक्षात्कार गर्न सकिने हुन्छ ।' यसरी यस सूत्रमा जातिवादका विरूद्ध बुद्धको सिंहनाद (घोषणा) उल्लेख भएको पाइन्छ ।

अन्तमा बुद्धले जाति र गोत्रलाई त्याग गरेर विद्या र आचरण (=संहिता) लाई मूल विषय बनाई यस विद्या आचरणलेयुक्त सम्पदाले पूर्ण हुनुलाई नै देव-मनुष्यहरूका सर्वश्रेष्ठ (जाति, गोत्र, वर्ण) भइने कुरा देशना गरिसकेपछि अम्बष्ठ, उसका गुरु पौष्करसाति र अरूहरूले 'उपासकत्व स्वीकार गर्नुहोस्' भनी बुद्ध समक्ष बिन्ति प्रकट गर्दै अन्तमा त्रिरत्नको शरण गए ।

**सोणदण्ड–सुत्त (क/४)**

यो चौथो सूत्र 'सोणदण्ड (स्वर्णदण्ड) - सुत्त' हो ।



Downloaded from http://www.dhamma.digital

सोणदण्ड, जो राजा बिम्बिसारद्वारा सम्मानित व्यक्तित्व थिए; उनलाई अंग देशमा चारिका गर्दै चम्पा नगरमा पुगेका बुद्धसँग भेटगर्ने इच्छा जाग्छ । भेट्न जाँदा आफ्नो प्रतिष्ठामा धक्का (आघात) लाग्न सक्ने, बुद्धको व्यक्तित्व अझ माथि उकासिदै (बढ्ने) जाने कुरा अरुहरूले उनको कानमा पुऱ्याइदिंदा आफैमा दोधार भावको श्रृजना हुन्छ ।

बुद्धसँग भएको परचित्त ज्ञान (व्यावहारिक यथार्थतामा आधारित मनोविज्ञान, आजकालको सैद्धान्तिक धरातलमा मात्र सीमित मनोविज्ञान जस्तो होइन) अनुसार सोणदण्डको मनोभाव बुझेर प्रश्न गर्छ– 'सोणदण्ड ब्राह्मण ! कतिवटा अंगले पूर्ण भएमा ब्राह्मण भइन्छ (कहलाइन्छ) ?' 'माता-पिता सजाति हुनुपर्छ (सुजातित्व), वेदमा पारंगत हुनुपर्ने, व्यक्तित्ववान हुनुपर्ने (अभिरूपत्व), शीलवान हुनुपर्ने तथा पण्डित-मेधावी हुनुपर्ने' यी पाँच अंगले (गुण) पूर्ण भएमा नै उक्त व्यक्ति ब्राह्मण हुनसक्ने जवाफ दिने क्रममा शीलवान र मेधावी भएमा पनि ब्राह्मण भन्न सकिने कुरा उठाउँदै जातिवादको खण्डन गर्छ । यस कुरामा बुद्धले सहमति प्रकट गर्दै– 'शील र प्रज्ञानै ब्राह्मणत्वका लागि अत्यावश्यक गुण हो; शीलद्वारा परिशोधित प्रज्ञा हो भने प्रज्ञाद्वारा परिशोधित शील हो । जहाँ शील हुन्छ, त्यहाँ प्रज्ञा हुन्छ, त्यस्तै जहाँ प्रज्ञा हुन्छ, त्यहाँ शील हुने गर्छ' भन्ने विषयमा उपदेशित गर्छ ।

उपदेशबाट प्रभावित भएर उपासकत्व स्वीकार त गर्छ तर खुल्लारूपले बुद्धको शिष्यत्व ग्रहण गर्दा त्यो जनमत विरूद्ध होला कि, यसबाट आफूलाई ठूलो हानी पुग्ने हो कि भन्ने शंका पलाउँछ र त्यसपछि सोणदण्डले बुद्धलाई निमन्त्रणा गर्दै बिन्ति चढाउँछ – 'परिषदमा बसी हात जोडी बिन्ति गरें भनें शीरले वन्दना गरेको, रथमा बस्दा छडी उठाएँ भने रथबाट तल वर्लेको, छाता हटाएँ भने शीरले वन्दना गरेको हो भन्ने बुझ्नुहोस्, स्वीकार्नुस् ।'

**कूटदन्त-सुत्त (क/५)**

यो पाँचौ सुत्त– 'कुटदन्त-सुत्त' हो । बुद्ध चारिका गर्दै मगधको खाणुभात भन्ने ठाउँमा पुग्छ, राजा बिम्बिसारद्वारा सम्मानित एवं लाभान्वित भइरहेका कूटदन्त ब्राह्मणको मनमा - अम्बलट्ठिकामा विराजमान बुद्धको दर्शन गर्न सबै मानिसहरू गइरहेका छन्, आफू पनि जानु पऱ्यो भन्ने मनमा इच्छा जाग्छ । उनका नजिकका (समर्थहरू) ले उनलाई बुद्धको दर्शन गर्न जाने बाटो छेक्छ । त्यतिबेला कूटदन्त ठूलो महायज्ञ गर्न तयार भइरहेका हुन्थे, महायज्ञार्थ ७०० साँढेहरू, ७०० पाठाहरू, ७०० गाईहरू, ७०० भेंडाहरू तयार गरेका हुन्छन् । भगवान बुद्धले १६ प्रकारका परिष्कार (अङ्ग) भएको त्रिविध यज्ञ सम्पदा थाहा छ भनी अनेक प्रकारले आफ्ना समर्थक परिषदका बीचमा बुद्धको गुणगान, प्रशंसा गर्दै बुद्ध समक्ष त्रिविध यज्ञ सम्वन्धी प्रश्न गर्छ ।

अनि बुद्धले पूर्वकालीन (अतीत) महाविजित राजाले गरेको आदर्शमयी यज्ञको बारेमा बताउँछ । वास्तवमा महाविजितको यो आख्यान जातक-कथानक जस्तै हो । उक्त राजाले गरेको अहिंसामय यज्ञ हो, जसमा गाई, बाख्रा, भेंडा, कुखुरा, बंगुर आदि बध (हत्या) गरिएन, रुख बोट र पातहरू काट्ने काम पनि गरिएन दास र नोकरहरूलाई पनि भयभीत हुनुपर्ने गरी कसैलाई पनि कुनै काम-कुरामा लाद्ने गरिएको थिएन । घ्यू, तेल, दही आदिको मात्र प्रयोग गरी महायज्ञ गरिएको थियो । अनि भगवान बुद्धले यज्ञ गर्दा दान-यज्ञ, त्रिशरण-यज्ञ, शिक्षापद-यज्ञ, शील-यज्ञ, समाधि-यज्ञ तथा प्रज्ञा-यज्ञलाई सम्मिलित गरिनु पर्ने उपदेश दिंदै क्रमिक रूपमा व्याख्यान गर्छ । व्याख्यान सुनी कूटदन्तलाई विरज, वीतमल, धर्मचक्षु प्राप्त भई आश्रवक्षय (मनोविकार, कलुषित तृष्णा प्राप्तावस्थाको अनुभूति' प्राप्त हुन्छ ।

**महालि - सुत्त (क/६)**

दीघनिकाय अन्तर्गत शील लक्षण वर्गको छैठों सूत्र हो- 'महालि-सुत्त' । वैशालीको महावन कूटागार शालामा बुद्ध आफ्ना उपस्थापक स्वकीय सचिव भिक्षु नागित (यतिबेला सम्मन आनन्द उपस्थापक भएको थिएन) संगै रहंदाको अवस्थामा सिंह श्रामणेरले कोशल र मगधका ब्राह्मण दूतहरू र महालि लिच्छवीले ओंठ अलि छुट्टीएको (ओट्ठद्ध) लिच्छवी परिषद आफूसंगै ल्याई बुद्धको दर्शनार्थ आज्ञा माग्छ ।

पछि महालि लिच्छवीले ३ वर्षसम्म भिक्षु भई चीवर छोडेर गएका (वस्त्र त्याग) सुनक्षत्रका बारेमा विचार प्रकट गर्छ- 'सुनक्षत्र दिव्यश्रोत आदि चमत्कार प्राप्त गर्ने उद्देश्य लिई भिक्षु भएका, तर ३ वर्ष सम्ममा पनि केही लाभ गर्न नसकेपछि पलायन हुन्छ । यो कुरा सुनी बुद्धबाट आज्ञा हुन्छ- 'प्रव्रजित (भिक्षु/ब्रह्मचर्य) जीवनको उद्देश्य दिव्य शब्द सुन्ने, योग-विभूतिलाई प्राप्त गर्ने नभएर यस्को मूलोदेश्य भन्नु नै सदाचार युक्त जीवनको अभ्यास गर्दा गर्दै यथार्थ सत्यलाई साक्षात्कार गर्नु हो, यसैले निर्वाणको मार्ग नजिकिंदै जाने हो र बिस्तारै तृष्णा क्षेदन (नष्ट) हुनगई सम्पूर्ण दुःखबाट मुक्ति मिल्ने हुन्छ ।'

यसपछि बुद्धले महालिलाई आत्मवादको सम्वन्धमा मुण्डिय र जालियको कथा प्रकाश पारी निर्वाण धर्मतिर अगाडि बढ्नका लागि मध्यम मार्ग वा आर्य अष्टांगिक मार्गलाई दैनिक जीवनको स्वव्यवहारमा ढाल्दै लाने, र यसैमा अभ्यासरत हुँदै जानु पर्छ भनी आज्ञा दिन्छ । सम्यक् दृष्टि, सम्यक् संकल्प, सम्यक् वचन, सम्यक् कर्मान्त, सम्यक आजीव, सम्यक् व्यायाम, सम्यक स्मृति तथा सम्यक् समाधि लाई नै मध्यम मार्ग भनिएको हो । यी कुराहरूलाई राम्ररी बुझेपछि नै जीव र शरीरका बारेमा छुटाई-छुटाई, अलग-अलग गरी हेर्न सक्ने क्षमता प्राप्त हुँदो रहेछ ।

सूत्रको अन्तमा महालि ओट्ठद्ध लिच्छवीले बुद्धोपदेश प्रति सन्तोष व्यक्त गरी सहर्षपूर्वक बुद्ध प्रति भावपूर्ण अभिनन्दन प्रकट गर्दछ ।


Downloaded from http://www.dhamma.digital

# संयुक्त निकाय-४

- भिक्षु ज. काश्यप
- भिक्षु धर्मरक्षित
- अनु. वीर्यवती

## १०. समिद्धि सुत्त (१.२.१०)

**(काल अज्ञात छ, काम भोगहरूलाई त्यागनु)**

मैले यसरी सुनें।

एक समय भगवान् राजगृहको तपोदाराममा विहार गर्नुभएको थियो।

तब, आयुष्मान् समृद्धि राती उठेर आफ्नो गात धुनका लागि जहाँ तपोदा (गरम-कुण्ड) छ, त्यहाँ जानुभयो। तपोदामा गात धोई एउटा मात्र चीवर लगाई बाहिर उभिएरै गात सुकाई रहनु भएको थियो।

तब कोही देवता रात वितिसकेपछि तपोदा भरि नै आफ्नो रश्मि फिजाई आयुष्मान् समृद्धि समक्ष आइपुगे। त्यहाँ आई आकाशमा उभिएर यस गाथा व्यक्त गरे।

भो भिक्षु ! तपाईले विना भोग■ भिक्षाटन गर्दै हुनुहुन्छ,

तपाईले भोग गरेर भिक्षाटन गर्नुहुन्न,<br>
भो भिक्षु ! तपाईले भोग गरेर भिक्षाटन गर्नुस्,<br>
काललाई त्यसै खेर नफाल्नुस् ॥

समृद्धि-

काल★ लाई मैले जानेको छैन,<br>
काल त अज्ञात छ, यसको कुनै ठेगान छैन,<br>
त्यसैले, भोग नगरिकन मैले भिक्षा गर्दछु,<br>
मेरो काल खेर गइरहेको छैन।

तब त्यस देवताले पृथ्वीमा ओर्ली आयुष्मान् समृद्धिलाई यस्तो भने - भो भिक्षु ! तपाईले धेरै कम उमेरमा प्रव्रज्या लिनुभयो। तपाई त अहिले सम्म कुमार अवस्थामा नै हुनुहुन्छ। तपाईको कपाल कालो नै छ। यसरी भरखर चढ्दै गरेको उमेरमा तपाईले संसारको काम सुखको स्वादसम्म पनि लिनु भएन। भो भिक्षु ! तपाईले अहिले नै यस लोकको ऐश आराम भोग्नुस्। अगिल्तिर आएको विषयलाई छोडेर पछि हुने भविष्यको पछाडि नलाग्नुस्।

होइन आवुस ! मैले अगिल्तिरको विषयलाई छोडेर भविष्यमा हुने विषयको पछाडि लागेको होइन। आवुस ! म त भविष्यमा हुने विषयलाई छोडेर वर्तमान समयमा भइरहेको विषयमा लागेको छु। भगवान्ले भन्नुभएको छ, -संसारिक काम भोग पछाडिको चीज हो। यसको पछि लाग्यो भने धेरै दु:ख भोग्नु पर्ने हुन्छ, धेरै कष्ट झेल्नुपर्ने हुन्छ, यसमा धेरै (ऐव) झमेला, झन्झट हुने गर्छ। तर धर्म अनुसार आचरण गरेको खण्डमा यसले हेर्दा हेर्दै फल दिन्छ (सांदृष्टिक), विना कुनै ढिलाई, जसले चाहन्छ, उसले यस धर्मलाई अपनाउन सक्नेछ, यो धर्म परम-पद (जन्म मरण चक्रबाट मुक्त दिलाउने) सम्म पुर्‍याउन सक्ने धर्म हो (ओपनयिको); विज्ञजनहरूले यस धर्मलाई आफैले अभ्यास गरी अनुभव गर्छन्।

भो भिक्षु ! भगवानले सांसारिक काम-भोगलाई कसरी धेरै समयको विषय हो भनी बताउनु भएको छ ? यसको पछि लाग्यो भने कसरी धेरै दु:ख भोग्नु पर्ने हुन्छ, कसरी धेरै कष्ट उठाउनुपर्ने हुन्छ ? यसमा कसरी ठूलठूला झन्झटहरू हुन्छन् ? धर्मले कसरी हेर्दा हेर्दै फल दिन्छ ? धर्मले कसरी परमपद (मुक्ति अवस्था) सम्म लान्छ ? विज्ञजनहरूले धर्मलाई आफैले कसरी अनुभव गर्छन् होला ?

आवुस ! म हालै मात्र नयाँ प्रव्रजित भएको हुँ। त्यसैले यस धर्म-विनय बारे मैले विस्तृत रूपमा बताउन सक्दिन। उहाँ भगवान् अर्हत् सम्यक सम्बुद्ध राजगृहको तपोदाराममा विराज हुनुभएको छ। त्यसैले, उहाँको समिप जानुभई यस विषयमा सोध्नुहोस्, भगवानले जे भन्नुहुन्छ, त्यसलाई नै सम्झनुहोस्।

भो भिक्षु ! हामी जस्ता (साधारण देवता) ले बुद्ध भेट्न सजिलो छैन। किनभने उहाँलाई ठूलठूला तेजस्वी देवताहरूले (भिक्षुहरूले) घेरिरहेका हुन्छन्। भो भिक्षु ! यदि तपाईले नै भगवान समक्ष जानुभई यस विषयमा सोधिदिनु भएमा, म धर्मदेशना सुन्नको लागि आउन सक्नेछु।

"आवुस ! ठीक छ" भन्नुहुँदै आयुष्मान् समृद्धिले त्यस देवतालाई उत्तर दियो। फेरि उहाँ जहाँ भगवान् हुनुहुन्थ्यो, त्यहाँ जानुभई अभिवादन गरी एक छेऊमा बस्नुभयो।

---

■ "पाँच कामगुणहरू (आँखा, कान, नाक, जीब्रो र शरीर) आदिको भोग"

-अट्ठकथा।

★ "मृत्यु कालको विषयमा भनिएको"

-अट्ठकथा।



Downloaded from http://www.dhamma.digital

एक छेऊमा बस्नुभएका आयुष्मान् समृद्धिले भगवान्लाई भन्नुभयो- 'भन्ते ! म राती उठेर गात धुनुका लागि जहाँ तपोदा छ, त्यहाँ गएँ। तपोदामा गात धोई एउटा मात्र चीवर लगाई बाहिर उभिएर गात सुकाइरहेको थिएँ। भन्ते ! तब कोही देवता रात बितेपछि तपोदाको सबै स्थानमा आफ्नो रश्मि फैलाई जहाँ म थिएँ, त्यहाँ आयो। आएर आकाशमा उभिंदै यस गाथा ब्यक्त गऱ्यो-

भो भिक्षु ! तपाईले भोग विना भिक्षाटन गर्नुहुन्छ,
तपाईले भोग गरेर भिक्षाटन गर्नुहुन्न। भो भिक्षु ! तपाईले भोग गरेर भिक्षाटन गर्नुस्। काललाई त्यसै खेर नफाल्नुस्॥

भन्ते ! उसले (त्यस देवताले) यस्तो भनेपछि मैले देवतालाई यस गाथाद्वारा उत्तर दिएँ-

काललाई मैले चिनेको छैन,
काल त अज्ञात हो, यसको कुनै ठेगान छैन;
त्यसैले मैले विना भोग भिक्षाटन जाने गर्छु,
मेरो काल खेर गइरहेको छैन॥

भन्ते ! तब त्यस देवताले पृथ्वीमा ओर्लेर मलाई भन्यो- "भो भिक्षु ! तपाई धेरै कम उमेरमा प्रव्रजित हुनुभयो। तपाई त अहिले कुमार अवस्थामा नै हुनुहुन्छ। तपाईको कपाल अहिलेसम्म कालो नै छ। यस चढ्दो उमेरमा तपाईले संसारको काम सुखको स्वाद लिनु भएकै छैन। भो भिक्षु। तपाईले अहिले लोकको ऐश आरामलाई भोग्नुस्। वर्तमानको विषयलाई छोडेर भविष्यमा हुने विषयतर्फ नलाग्नुस्।

भो भन्ते ! उसले यस्तो भनेपछि मैले यसरी उत्तर दिएँ- होइन आवुस ! मैले वर्तमानको विषयलाई छोडेर भविष्यमा हुने विषयतर्फ लागेको छैन। आवुस ! म त भविष्यमा हुने विषयलाई त्यागेर वर्तमानको विषयतर्फ लागेको छु। भगवानले भन्नु भएको छ, सांसारिक काम भोग त भविष्यको वस्तु हो, यसको पछि लाग्नाले धेरै दुःख भोग्नुपर्ने हुन्छ; धेरै कष्ट झेल्नुपर्ने हुन्छ, यसमा ठूलठूला झन्झट र झमेलाहरू हुन्छन्। धर्मलाई अभ्यास गरेको खण्डमा यसले हेर्दा हेर्दै राम्रो फल दिने गर्छ; विना कुनै ढीलाई, जसले चाहन्छ, उसले यस धर्मलाई अपनाउन सक्नेछ, यो धर्म हामीलाई परमपद (मुक्ति मार्ग) सम्म लाने धर्म हो। विज्ञजनहरूले यस धर्मलाई आफैले अभ्यास गरी अनुभव गर्दछन्।

भो भन्ते ! मैले यस्तो भनेपछि त्यस देवताले भन्यो- "... (माथि उल्लेख भए जस्तै) ... म धर्मदेशना सुन्नको लागि आउन सक्छु। भन्ते ! यदि त्यस देवताले सत्य कुरो गरेको हो भने त्यो यहिं कहिं वरपर उभिएको हुनुपर्छ।

यति भनेपछि त्यस देवताले आयुष्मान् समृद्धिलाई यसरी भन्यो- "हो भिक्षु जी, तपाईले प्रश्न गर्नुस् म आइपुगेको छु।"

तब भगवान्ले त्यस देवतालाई गाथाद्वारा भन्नु भयो-

सबै जीवित (प्राणी) संज्ञामा आधारित छन्, उनीहरूको स्थिति पाँच स्कन्धमा आधारित छन्, ✿ यस कुरोलाई नबुझी
धेरैजसो प्राणीहरू मृत्युको अधिनमा पुग्छन्।
जसले यस कुरोलाई बुझ्छ,
उ आत्माको मिथ्या दृष्टिमा पर्दैन ♥
त्यस (क्षीणाश्रव) भिक्षुका लागि यस्ता कुनै पनि विषय बाँकी रहँदैन।
जसबाट उसलाई कुनै दोषारोपण गर्न सकिने छ॥ ●
यक्ष ! यदि यस्ता कुनै (क्षीणाश्रव) लाई चिनैका छौ भने मलाई भन।

भो भन्ते ! भगवानले भन्नुभएको यस संक्षिप्त अर्थलाई मैले विस्तृत रूपले बुझ्न सकेको छैन। यदि भगवानले कृपा राखी यस संक्षिप्त रूपमा भन्नुभएको विषयलाई विस्तारपूर्वक भन्नु भएको खण्डमा मैले बुझ्न सक्नेछु।

---

✿ अक्खेय्य- सञ्ञिनो - पाँच स्कन्धको आधारमा कुनै पनि जीव निर्भर हुन्छ। यी स्कन्धहरू वाहेक कुनै पनि जीवमा तात्त्विक आत्मा छैन।
"मिलिन्द प्रश्न" को रथको उपमासंग मिलाउने। जस्तो चक्र, अरा, धुरा इत्यादिको आधारमा "रथ" भन्ने संज्ञा बन्यो। त्यस्तै नाम, रूप, वेदना, संज्ञा र संस्कार आदि पाँच स्कन्ध मिलेपछि एउटा जीव भनेर चिनिन्छ

-अनात्मवादलाई प्रस्तुत गरिएको।

♥ पाँच स्कन्ध वाहेक आफ्नो शरीरमा कुनै आत्मा छैन भनेर राम्ररी बुझिसकेको हुन्छ। यी स्कन्धहरूको अनित्य, अनात्म र दुःख स्वभावलाई साक्षात्कार गरी यिनीहरूप्रति सधैंतृष्णा रहित भइसकेको हुन्छ।

● "यस्तो कुनै पनि कारण वाकि रहने छैन,
जसबाट त्यस क्षीणाश्रव महात्मा रागबाट रागी बनेको,
द्वेषबाट दूषित बनेको र मोहबाट मूर्ख बनेको आरोप लगाउन सकोस्।"

- अकट्ठथा


Downloaded from http://www.dhamma.digital

भगवान्-

जसले आफूलाई कोही व्यक्तिसंग बराबरीमा छु,
कोही व्यक्तिभन्दा उच्च पदमा छु अथवा
तल्लो पदमा छु आदि भन्दै
जसले यस्ता भावना मनमा ल्याउने गर्छ,
उसले यही कारणलाई लिएर झगडा गर्नेछ,
जसले यी तीन प्रकारका कारणहरूबाट आफ्नो
चित्त अलग्ग राखी चित्तलाई स्थीर राख्छ,
उसलाई बराबर र उच्च पदबारे मतलब नै हुँदैन ॥
यक्ष ! यदि तिमीले यस्तो गुण भएको
कोही ब्यक्ति चिनेका छौ भने मलाई भन ।

भो भन्ते ! भगवानले यसरी संक्षिप्त रूपमा भन्नु भएको यस विषयको अर्थलाई पनि मैले विस्तृत रूपले बुझ्न सकेको छैन । यदि कृपा राखी भगवान्ले यस संक्षिप्त रूपमा भन्नुभएको विषयको अर्थलाई विस्तृत रूपमा भन्नु भएमा मैले बुझ्न सक्नेछु ।

भगवान्-

जसले राग, द्वेष र मोहलाई त्यागिसकेको हुन्छ, जो फेरि आमाको गर्भमा वास लिन आउँदैन,◗ उसले नाम रूपप्रति उत्पन्न हुने सारा तृष्णालाई काटिसकेको हुन्छ,

गाँठो काटिसकेको उक्त, दुःख मुक्त, तृष्णा रहित व्यक्तिलाई,

खोजिरहँदा पनि पाउन सकिंदैन

देवताहरू होस् या मनुष्यहरू, यस लोकमा होस् या परलोकमा,

स्वर्गलोकमा होस् या सबै लोकमा ॥

यक्ष ! यदि यस्ता कोही ब्यक्तिलाई तिमीले चिनेका छौ भने मलाई भन ।

भन्ते ! भगवान्ले संक्षिप्त रूपमा भन्नुभएको यस विषयलाई मैले विस्तृत रूपमा यसरी बुझेको छु-

पाप नगरौं वचनबाट वा मनबाट,
वा कुनै पनि शरीरबाट, सबै संसारमा,
स्मृतिवान र संप्रज्ञ हुनसकौं, काम
(पंचकामसुख) लाई त्यागी,
(हामीलाई) अनर्थ पार्ने दुःखहरूलाई नबढाऔं ॥

**नन्दन वर्ग समाप्त** ■

---

◗ मानं अज्झगा - निवासको अर्थमा मातृ-कुक्षिलाई पनि "मान" को रूपमा बुझ्न सकिन्छ । -अकट्ठथा

# धिक्कार्न पुग्छु

✍ **श्रा. संघरक्षित, संघाराम**

अरूलाई 'शील' ग्रहण गराउँदै
राम्रोसंग व्यवहारमा लागु गर्नुपर्छ
भनि बुझाउँदा - बुझाउँदै पनि
शीलको उल्लंघन आफैबाट हुँदा
आफैंले आँफैलाई धिक्कान पुग्छु ॥

दान देऊ र अरूलाई गर्न सिकाऔं
लोभ यसैबाट टाढा भई जानेछ
भनि सम्झाउँदा - सम्झाउँदै पनि
आफैभित्र लोभ जागृत हुँदा
आफैंले आफैलाई धिक्कार्न पुग्छु ॥

आगो सरी हुन्छ क्रोध मनको
साथी - आफन्तहरू बिच फाटो गराउँछ
पोल्न थाल्छ यसले भित्र - भित्रै
थाहा पाउँदा पनि क्रोध आउँदा
आफैंले आफैलाई धिक्कार्न पुग्छु ॥

हुनु हुँदैन शासक्त कुनै चिजबस्तुमा
असर गर्दछ यसले हाम्रो चरित्रमा
पुऱ्याउँला नमिल्दो अप्ठेरोपनको स्थितिमा
जानि बुझ्दा पनि आफैं आसक्त हुनपुग्दा
आफैंले आफैंलाई धिक्कार्न पुग्छु ।

'मरणानुस्मृति' नित्य भावना गरी
संलग्न हुनुपर्छ कुशल - मंगल कार्यमा
सम्झौं अकुशल कार्य खतरनाक बिष सरी
बुझ्दा पनि राम्रो काम गर्न नसक्दा
आफैंले आफैंलाई धिक्कार्न पुग्छु ॥

संसार अनित्य, केहि छैन आफ्नो
धन - सम्पत्ति, ज्ञातिबन्धुहरू पनि
छोडि एक्लै जानुपर्ने जीवन हाम्रो
थाहा पाउँदा पनि "म" "मेरो" भावना जाग्दा
आफैंले आफैंलाई धिक्कार्न पुग्छु ॥


Downloaded from http://www.dhamma.digital

# बुद्धकालीन प्रमुख विहारहरू

✍ देवेन्द्रराज शाक्य, बुटवल

**४. आम्बपाली विहार :**

भगवान बुद्ध भिक्षुसंघसहित वैशाली आउनुभई आम्बपाली (बैशालीको प्रसिद्ध गणिका) को आम्रवनमा बस्नु भएको थियो। बुद्ध आफ्नो आम्रवनमा बस्नु भएको छ भन्ने खवर आम्रपालीले सुनेर उनी बुद्धको दर्शन गर्नको लागि आफ्नो सेविकाहरूका साथ आम्रवन गईन। बुद्ध बस्नु भएको ठाउँमा पुगी, वन्दना गरी, अन्य उपासक - उपासिकाहरूसंगै एक ठाउँमा बसीन्।

उपासिका आम्बपालीले बुद्धसमक्ष विन्ति गरिन् - "शास्ता सहित सबै भिक्षुहरूलाई भोलीको भोजनको निमन्त्रणा गर्छु कृपया स्वीकार गर्नु होला।" बुद्धले मौन स्वीकृती दिनुभयो। आम्बपालीको खुसीको सीमा रहेन। उनले अत्यन्त खुशी हुँदै बुद्धलाई वन्दना गरी भोलीको भोजनको लागि तयार गर्न आफ्नो निवास फर्किन्।

वैशालीका लिच्छवीहरूले पनि भगवान बुद्ध वैशाली आउनु भई, आम्रवनमा बस्नु भएको छ भन्ने खवर सुने। उनीहरू पनि बुद्धलाई भोलीको भोजनको लागि निमन्त्रणा गर्न आम्रवन गए।

आम्बपाली आफ्नो सेविकाहरूसहित भगवान बुद्धले भोजनको लागि आफ्नो निमन्त्रणा स्वीकार गर्नुभएकोले खुशी भई आम्रवनबाट फर्किरहेको र अर्को तर्फबाट लिच्छवीहरू भगवान बुद्धलाई भोलिको भोजनको लागि बुद्धकहाँ गइरहेको अवस्थामा बाटोमा दुवैको जम्काभेट भयो। आम्बपालीलाई निकै खुसी देखि लिच्छलीहरूले सोधे– "आम्बपाली आज तिमी निकै खुसी देखिन्छचौ ! किन ? उत्तरमा आम्बपालीले भगवान बुद्धले उनको भोलिको भोजनको निमन्त्रणा स्वीकार गर्नु भएकोले खुसी भएको बताइन्।

लिच्छवीहरूले भगवान बुद्धलाई भोलिको भोजन गराउने पालो हामीलाई देउ, त्यसको बदलामा तिमीलाई एकलाख असर्फी दिन्छु भनी आम्बपालीलाई भने तर तथागतलाई भोजन गराउन पाउने यस्तो सुअवसर म गुमाउन चाहन्न, म यो भोजन गराउने पालो तपाईहरूलाई दिन सक्तिन भनी आफ्नो बाटो लागिन्। लिच्छवीहरूले आफूहरूले बाजी हारेको महसुस गरे। तर पनि शायद, तथागतले तिनीहरूको अनुरोध स्वीकार गरी भोलिको भोजनको लागि स्वीकृती दिनुहोला कि भन्ने आशा लिई लिच्छवीहरू बुद्ध समक्ष पुगी, वन्दना गरी, आफूहरू बुद्ध एवं अन्य भिक्षुहरूलाई भोलिको भोजनको लागि निमन्त्रणा गर्न आएको कुरा विन्ति गरे। तर बुद्धले आम्बपालीले पहिले आई निमन्त्रणा गरेकीले उनलाई वचन दिईसकेको बताउनु भयो। लिच्छवीहरू निराश भएर फर्के।

भगवान बुद्ध अन्य भिक्षुहरू सहित यथासमयमा भोजनको लागि आम्बपाली कहाँ जानु भयो। आम्बपाली एवं उनका सेविकाहरूले यथोचित स्वागत सत्कार गरी यथा स्थानमा वसाली उत्तम परिकारहरू भोजन गराए। भोजन पश्चात् उनले भगवान बुद्धलाई वन्दना गर्दै 'आम्रवन' बुद्ध एवं भिक्षु संघलाई दान गर्ने इच्छा भएकोले सो स्वीकार गर्न अनुरोध गरिन्। बुद्धले भिक्षुसंघको लागि सो आम्रवन दान स्वीकार गर्नुभयो।

भगवान बुद्धले त्यहाँ उपस्थित आम्बपाली लगायत उनका सेविकाहरूलाई दानको महत्व र यसबाट प्राप्त हुने पुण्यलाभको विषयमा धर्मोपदेश दिनु भयो। उक्त स्थानमा एउटा भव्य विहार निर्माण गराइदिए। विहारको नाम 'आम्बपाली विहार' राखियो।

**५. पूर्वाराम विहार :**

श्रावस्ती नगरमा एउटी धनी महिला थिईन्- विशाखा। उनी बुद्धको उपासिकाहरूमध्ये एक थिईन्। उनी जति धनी थिईन, त्यत्तिनै दानशील पनि थिइन साथै कोमल हृदयकी थिइन्।

एक दिन उनलाई भगवान् बुद्धलाई भोजन गराउने इच्छा भयो र भगवान कहाँ गई भोजनको निमन्त्रणा गरिन्। बुद्धले उनको निमन्त्रणा स्वीकार गर्नु भयो। भगवान बुद्ध अन्य भिक्षुहरूसहित भोजनको लागि विशाखा कहाँ पुग्नु भयो। विशाखाले सबैलाई यथोचित स्वागत सत्कार गरी भिक्षुहरूको लागि बनाएको उपयुक्त आसनमा बसाली भोजन गराइन्। भोजन पश्चात् बुद्धको एक छेउमा बसी विन्ति गरिन् "भगवान ! म तपाईसंग वर माग्ने अनुमति चाहन्छु।

विशाखाको वर माग्ने कुरा सुनी बुद्धले भन्नु भयो- विशाखा मैले (तथागतले) वर दिदैन। विशाखाले धेरै पटक अनुनय गरे पछि बुद्धले अनुमति दिनु भयो। विशाखाले विन्ति गरिन् - शास्ता म चाहन्छु (१) बर्षाकालमा भिक्षुहरूलाई चिवर दान गर्न सकुँ,



Downloaded from http://www.dhamma.digital

(२) नगर बाहिरबाट आउने सबै भिक्षुहरूलाई भोजन दान गर्न सकुँ, (३) नगरबाट बाहिर जाने सबै भिक्षुहरूलाई भोजन दान गर्न सकुँ (४) रोगीहरूलाई भोजन दान गर्न सकुँ (५) रोगीको सेवा गर्ने व्यक्तिहरूलाई भोजन दान गर्न सकुँ, (६) भिक्षुहरूलाई क्षिर दान गर्न सकुँ, तथा (७) भिक्षुणीहरूलाई नुहाउनको लागि लुगा दान गर्न सकुँ"।

भगवान बुद्धले विशाखालाई उक्त वर मागनाको कारण सोध्नु भयो। विशाखाले विन्ति गरिन् - "भगवान् - उपरोक्त प्रकारको दान गर्नाले मलाई खुसी हुनेछ। खुसी मनले नै शान्ति प्राप्त गर्न सकिनेछ। शान्त मनले नै सुख प्राप्त गर्न सकिने छ र श्रद्धाबल बढ्ने छ, जसबाट मलाई पुनः पुनः दान प्रदान गर्ने प्रेरणा प्राप्त भइरहनेछ"। विशाखाको यसप्रकारको सन्तोषजनक उत्तर सुन्नु भई बुद्ध प्रशन्न हुनु भयो तथा वरको अनुमति दिनु भयो। उक्त अवसरमा भगवान बुद्धले विशाखाले बुद्ध एवं भिक्षुसंघको लागि निर्माण गरेको विहार "पूर्वाराम विहार" दान स्वीकार गर्नु भई दानानुमोदन गर्नु भयो र उपस्थित सबैलाई दानको महत्व र यसबाट प्राप्त हुने पुण्यलाभ बारे धर्मोपदेश दिनु भयो।

नगरको पूर्वी भागमा रहेकोले यस विहारको नाम पनि "पूर्वाराम विहार" राखिएको हो।

**६. राजगृहका सेठको विहार :**

भगवान बुद्धका श्रद्धावान उपासक राजगृहका सेठ एक दिन विहान सवेरै उद्यानमा घुम्न गएको बेला त्यहाँ भिक्षुहरू बस्नु भएको देखे। भगवान बुद्ध एवं अन्य भिक्षुहरू राजगृहको वेणुवनको कलन्दक निवाप उद्यानमा बस्नु भएको थियो। त्यसबेला बुद्धले भिक्षुहरूको लागि विहारको नियम बनाउनु भएको थिएन। अतः भिक्षुहरू कुनै उद्यानमा, वनमा, रूखमुनी या कुनै खुल्ला ठाउँमा बस्ने गर्दथे, जसबाट भिक्षुहरूलाई अनेक कठिनाईको सामना गर्नु पर्दथ्यो।

राजगृहका सेठले भिक्षुहरू यस्तो खुल्ला ठाउँमा, असुरक्षित रूपमा बस्नु भएको देखि उनको मनमा भिक्षुहरूको लागि विहार बनाई दिने इच्छा उत्पन्न भयो। राजगृहका सेठले आफूतिर आइरहनु भएका भिक्षुहरूलाई वन्दना गरी उहाँहरूको लागि विहार बनाइ दिने इच्छा प्रकट गरे। त्यहाँ भएका भिक्षुहरूले तुरुन्त सहमति दिन सकेन र भने-" हे राजगृहका सेठ- तथागत बुद्ध यहीं हामीसंगै हुनुहुन्छ, वहाँसंग सोध्नु पर्छ।" उहाँले अनुमति दिनुभयो भने तपाईले विहार निर्माण गर्न सक्नु हुनेछ।" भिक्षुहरू बुद्ध समक्ष पुगी राजगृहका सेठले विहार निर्माण गरी दान गर्ने इच्छा गरेको कुरा सुनाए। बुद्धले भिक्षुहरूलाई ५ प्रकारका स्थानमा सुत्नु हुने अनुमति दिनुभयो। सो कुरा भिक्षुहरूले सेठलाई सुनाए। सेठ अति नै खुसी भए।

राजगृहका सेठले नगरमा भएका एकसे एक निपुर्ण कालिगढहरूलाई बोलाई साठीवटा विहार निर्माण गर्न लगाए। विहार निर्माण कार्य सम्पन्न भएपछि बुद्ध एवं भिक्षुहरूलाई निमन्त्रणा गरी भोजन गराए। भोजन समाप्त भएपछि बुद्ध समक्ष विन्ति गरी - बुद्ध एवं भिक्षुहरूको लागि आफूले साठीवटा विहार निर्माण गरेको हुँदा सो विहार दान स्वीकार गर्नु हुन अनुरोध गरे।

भगवान बुद्धले श्रद्धापूर्वक निर्माण गरेका विहार दान स्वीकार गर्नु भई दानबाट प्राप्त हुने पुण्यफलबाट धर्मोपदेश दिनुभयो।

**७. निग्रोधाराम विहार :**

कपिलवस्तु राज्यका राजा शुद्धोधन आफ्नो छोरा सिद्धार्थ गौतम गृहत्याग गरी गएदेखि उनको मुख देख्न पाएको थिएन। सिद्धार्थको मुख हेर्न पिताको मन व्याकुल थियो। सिद्धार्थ गौतम बुद्धत्व प्राप्त गरी राजगृहमा राजा बिम्बिसारको आतित्थ्यमा वेणुवन विहारमा बस्नु भएको छ भन्ने समाचार सुने। बुद्धलाई कपिलवस्तु ल्याउन सिपाहीं सहित आफ्नो प्रमुख विश्वास प्राप्त सचिवलाई पठाए। बुद्धलाई लिन गएकामध्ये कोही पनि फर्केनन्। फेरि अर्कोलाई पठाए, तिनीहरू पनि फर्केनन्। एवं प्रकारले नौ पटकसम्म पठाउँदा पनि कोहि पनि फर्केनन्, कसैले केहि समाचारसम्म पनि ल्याएन। राजा निरास भए। अन्तिम पटक प्रयास गरी हेरूँ भनी आफ्ना मन्त्री कालुदायी, जो सिद्धार्थको बाल्यावस्थाको मिल्ने साथी पनि थियो उनलाई पठाउने विचार गरे। कालुदायी मन्त्रीलाई आफ्नो मनको कुरा बताई बुद्धलाई जसरी भए पनि कपिलवस्तु ल्याउन आदेश दिए।

कालुदायी मन्त्रीले राजा समक्ष शर्त राखे- 'यदि महाराज मलाई प्रव्रजित हुने अनुमति दिनु हुन्छ भने म बुद्धलाई ल्याउने प्रयास गर्नेछु।' राजाले मन्त्री कालुदायीलाई प्रव्रजित हुने अनुमति दिई, बुद्धलाई लिन जान आदेश दिए। राजाको अनुमति प्राप्त गरी कालुदायी भगवान बुद्ध बस्नु भएको नगर राजगृह पुगे। भगवान बुद्धको उपदेश सुनी उनी प्रवजित भए।


Downloaded from http://www.dhamma.digital

भगवान बुद्धलाई कालुदायीले कपिलवस्तुको वर्णन गर्दै पिता शुद्धोधनको विषयमा विनम्रतापूर्वक विन्ति गरे र राजाले उहाँलाई कपिलवस्तु आउन निमन्त्रणा गरेको कुरा सुनाए । भगवान बुद्धले कपिलवस्तु जाने स्वीकृती दिनु भयो । यो सुखद समाचार कालुदायी आफैले राजा शुद्धोधन समक्ष पुगी सुनाए । राजा निकै खुसी भए । गृहत्याग गरेर गएको छोरा, धेरै वर्ष पछि, बुद्धत्व प्राप्त गरी आफ्नो निमन्त्रणा स्वीकार गरी गृहनगरमा आउँदै हुनुहुन्छ भन्ने खवर राजपरिवारका सदस्य लगायत सम्पूर्ण कपिलवस्तुवासी नागरिकहरूले पनि थाहा पाए । नगरवासीहरू बुद्धको दर्शन गर्न पाउने आशाले खुसी भए । वहाँको भव्य स्वागतको लागि तयारी हुन थाल्यो ।

भगवान बुद्ध र अन्य भिक्षुहरू कपिलवस्तु आउनु हुँदा वहाँहरूलाई कहाँ राख्ने भन्ने कुरा चल्यो । वहाँहरूको लागि उपयुक्त ठाउँमा विहार बनाउने विषयमा शाक्य कुमारहरू बिच सरसल्लाह भयो । सबै कुमारहरूले आ-आफ्नो उद्यान विहार बनाउन दान दिन तयार भए । निग्रोध शाक्यको उद्यान चारैतिर हरियाली भएको वृक्ष एवं फलफूलको सुगन्धले युक्त, स्वच्छ पानीको व्यवस्था भएको, कोलाहल नभएको एकान्त स्थान भएको, सबैकुरामा पूर्ण भएकोले उक्त उद्यानमा नै विहार वनाउने निर्णय गरे । नगरका कुशल कालीगढ लगाई एउटा भव्य विहार निर्माण गरे ।

भगवान बुद्ध फागुन पूर्णिमाको दिन पहिलो पटक कपिलवस्तुको लागि राजगृहबाट प्रस्थान गर्नुभई २ महिना पश्चात् वैशाख पूर्णिमाको दिन आफ्नो कृडाभूमिमा पाइला टेक्नु भयो । स्वयं राजा शुद्धोधन, राजपरिवार अन्य सदस्य लगायत सारा नगरवासीहरूले हर्षोल्लासका साथ भगवान बुद्ध एवं अन्य भिक्षुहरूलाई भव्य स्वागत अभिवादन गरी नवनिर्मित विहारमा लगे । भोजन उपरान्त राजा शुद्धोधनले उक्त विहार बुद्ध एवं भिक्षुसंघलाई दान गर्नुभयो । निग्रोध शाक्यको उद्यानमा निर्माण गरिएकोले विहारको नाम "निग्रोधाराम विहार" राखियो ।

**८. अम्बाटक विहार :**

मच्छिकासण्ड मगधदेशको एउटा प्रमुख नगर मध्ये एक हो । चित्त गृहपतिको जन्म यसै नगरको धनाढ्य परिवारमा भएको थियो । यिनको जन्म हुँदा विचित्र रूपले पुष्पवृष्टि भएको हुँदा यिनको नाम "चित्र-गृहपति" राखियो । पैत्रिकरूपले धन सम्पत्तिले परिपूर्ण भएतापनि यिनमा घमण्डीपनले लेसमात्रले पनि छोएको थिएन । धार्मिक कृयाकलापमा संलग्न हुने एवं दान पुण्यमा विशेष रूची राख्दथे । बुद्धको उपदेशबाट प्रभावित भई उनी बुद्धको उपासक भए ।

एकदिन भगवान बुद्धका प्रथम पञ्चवर्गिय भिक्षुहरू कोण्डण्य, वप्प, भद्दिय, महानाम र अस्सजी मध्येका एक शिष्य महानाम मच्छिकासण्ड नगरमा भिक्षाटन गरी, उपासक - उपासिकाहरूलाई सलायतन विभङ्ग सुत्तको उपदेश दिनु भएको बेला चित्र - गृहपति पनि उक्त सुत्रको श्रवण गरी श्रोतापन्न भए ।

त्यसबेला मच्छिकासण्ड नगरमा कुनै विहार थिएन । यसले गर्दा यस नगरमा भिक्षाटन गर्न आउने भिक्षुहरूलाई बस्नको समस्या थियो । त्यहाँ एउटा विहारको आवश्यकता महसुस गरी, आफ्नो अम्बाटकाराम उद्यान भिक्षुहरूकी लागि उपयुक्त ठानी त्यहाँ एउटा सुन्दर विहार निर्माण गरी सो विहार भिक्षुसंघलाई दान गरे । अम्बाटक उद्यानमा निर्माण भएकोले सो विहारको नाम पनि "अम्बाटक विहार" राखियो ।

चित्र - गृहपति भगवान बुद्धको प्रत्यक्ष दर्शन नगरी उहाँको शिष्य महानामबाटै उपदेश सुनी बुद्ध धर्म एवं संघप्रति श्रद्धावान हुने प्रथम व्यक्ति थिए ।

भगवान बुद्धका प्रमुख शिष्यहरू अग्रश्रावक सारिपुत्र महास्थविर र महामौद्गल्यायन भिक्षाटन गर्दै मच्छिकासण्ड स्थित आफ्नै अम्बाटक विहारमा बस्नु भएको छ भन्ने खवर सुनी उहाँहरूको दर्शन गर्ने र धर्मोपदेश सुन्ने इच्छा गरी उक्त विहारमा पुगे र उहाँहरूको दर्शन गरी धर्मोपदेश सुनी अनागामी मार्ग साक्षात्कार गरे ।

बुद्ध शासनमा लागेको तीस वर्ष भैसकेको भएतापनि चित्र - गृहपतिले बुद्धको प्रत्यक्ष दर्शन गर्न पाएको थिएन । भगवान बुद्धको दर्शन गर्न आफ्ना परिवार, इष्टमित्र, छरछिमेकी उपासक - उपासिकाहरूलाई साथ लिई उनी मच्छिकासण्डबाट श्रावस्तीको लागि प्रस्थान गरे । उनीहरू एक महिना पछि श्रावस्ती पुगे । त्यसबेला भगवान बुद्ध जेतवन विहारमा बस्नु भएको थियो । एक महिनासम्म दैनिक रूपमा बुद्धको दर्शन गरी, बुद्ध एवं भिक्षुहरूलाई दान प्रदान गरी तथा प्रत्यक्ष धर्मोपदेश सुनी पुण्यलाभ गरी आफ्नो गृहनगर फर्के । ■



Downloaded from http://www.dhamma.digital

# बुद्धको धार्मिक शिक्षा – २

**बुद्धको मौनावलम्बनका कारण :**

आध्यात्मिक तत्वहरूलाई लिएर प्राचिन विद्वानहरूले धेरै मीमांसा गरेका छन् । वहांकै विषयमा बुद्धको मौन हुनु कम आश्चर्यको घटना होइन । धार्मिक जगतमा यो एक आश्चर्यजनक कुरा हो । यसको मीमांसा आधुनिक तथा प्राचीन विद्वानहरूले आफ्-आफ्नै ढंगले भिन्न रूपले गरेका छन् । प्रश्न यो हो कि के बुद्धले यस तत्वको ज्ञान प्राप्त नै गरेको थिएन कि ? के वहां यस विषयमा नितान्त अनभिज्ञ हुनु हुन्थ्यो त ? अथवा वहां अनभिज्ञ हुनु हुन्थिएन भने यसको स्पष्ट उत्तर दिनमा मौनभावनाका आश्रय किन लिनु भयो त ? बोधिवृक्षको मुनि तीव्र समाधि गरे पछि बुद्धलाई सम्यक संबोधि प्राप्त भएको थियो । अत: वहांको हृदयमा यी आवश्यक विषयहरूको अज्ञान बनेका थिए यो मान्नु विश्वास योग्य प्रतीत हुन्दैन । बुद्ध नि:स्पृह (कुनै वस्तुको लोभ तथा इच्छा नभएको) पुरुष हुनुहुन्थ्यो । वहांले जानी बुझिकन शिष्यहरूलाई आकृष्ट गर्नको लागि अनजान तत्वहरूको उपदेश दिनु भयो यसप्रति कोही पनि विचारशील मान्नको लागि तयार हुन सक्तैन । निर्वाणको समय वहांले प्रिय शिष्य आनन्दसित स्पष्टत: स्वीकार गर्नु भएको थियो कि वहांले अन्तर तत्व तथा वाह्य तत्वहरूमा विना अन्तर गरी (अनन्तरं अबाहिरं कत्वा) नै सत्यको उपदेश दिनु भएको थियो । आफ्नो शिष्यहरूसित वहांले सत्यको विषयमा कुनै कुरा छिपाई राखेकै थिएन । अत: वहां माथि अज्ञान या जानी बुझि कुनै कुरा छिपाई राखेको दोष दिनु सरासर मिथ्या हो ।

**चार प्रकारका प्रश्न :**

बुद्धको मौनावलम्बनको मीमांसा मिलिन्द प्रश्नमा बडो सुन्दर ढंगले गरेको छ । मिलिन्दलाई पनि यस्तै शंका थियो जस्तो हामीले माथि निर्देश गरेका छौं । यसको उत्तरमा नागसेनको भनाई थियो । 'महाराज, भगवानले यथार्थमा आनन्दसित भन्नु भएको थियो कि बुद्ध कुनै कुरा विना छिपाई धर्मोपदेश गर्नु हुन्छ र यो पनि सांचो हो कि मालुंक पुत्रको प्रश्नमा वहाँले कुनै उत्तर दिनु भएको थिएन । तर न त यो अज्ञानको वश थियो न त छिपाउने इच्छाको कारणनै थियो । प्रश्न चार प्रकारका हुन्छन् -

**१. एकांश व्याकरणीय :**

जसको उत्तर सिधा दिन सकिन्छ । जस्तो 'के प्राणी जुन उत्पन्न हुन्छ मर्दछ ? उत्तर - हो, जो प्राणी जन्मन्छ उ अवश्य मर्दछ ।'

**२. विभज्य व्याकरणीय :**

जसको उत्तर विभक्त गरी दिन सकिन्छ । जस्तो 'के मृत्युको अनन्तर प्रत्येक प्राणी जन्म लिन्छ ?' उत्तर क्लेशबाट विमुक्त प्राणीको जन्म हुन्दैन र क्लेश युक्त प्राणीको जन्म हुन्छ ।'

**३. प्रति पृच्छा व्याकरणीय :**

जसको उत्तर एक अर्को प्रश्न सोधि दिने गरिन्छ । जस्तो - 'के मनुष्य उत्तम छ या अधम ?' यसमा सोध्नु पर्दछ कि 'कस्को सम्वन्धमा' यदि पशुको सम्वन्धमा यो प्रश्न सोधिएको हो भने त मनुष्य त्यस भन्दा उत्तम छ । यदि देवताहरूको सम्वन्धमा यो प्रश्न सोधिएको हो भने त मनुष्य देवताहरू भन्दा अधम छ ।'

**४. स्थापनीय :**

यो प्रश्न जसको उत्तर उसलाई विल्कुल छोडि दिनको लागि नै दिइन्छ । जस्तो 'के पञ्चस्कन्ध तथा जीवित प्राणी (सत्व) एकै हो ? यस प्रश्नलाई छोडि दिनमानै यसको उत्तर दिन सकिन्छ किनकी बुद्ध धर्म अनुसार कुनै सत्व हुन्दैन । मालुंक पुत्रको प्रश्न यसै चतुर्थ कोटिको थियो । यसैले भगवान बुद्धले उसको उत्तर शब्दत: दिनु भएन, प्रत्युत मौन आश्रयण गरीनै दिनु भयो । (मिलिन्द प्रश्न हिन्दी अनुवाद पृ. १७८-१८०)

**अनक्षर तत्व :**

बौद्ध ग्रन्थमा यसै प्रकारका विचारहरू अनेक ठाउँहरूमा उपलब्ध छन् । महायान विशंकमा नागार्जुनले परम तत्वको 'वाचाऽवाच्याम्' वचनद्वारा अकथनीय भनेको छ । बोधिचर्यावतार (पृष्ठ ३६५) मा बुद्धद्वारा प्रतिपादित धर्मको अनक्षर (अक्षरद्वारा अप्रतिपाद्य) बताइएको छ । अनक्षर धर्मको श्रवण कसरी हुन सक्तछ ? उसको उपदेश कसरी हुन सक्तछ ? त्यस अनक्षर माथि अनेक धर्मका समारोप गरी नै उसको श्रवण तथा उपदेश लोकमा गर्न सकिन्छ ।

**"अनक्षरस्य धर्मस्य श्रुतिका देशना च का ।**
**श्रूयते दृश्यते चापि समारोपादानक्षर : ॥**

यी सबै भनाईको अनुशीलनबाट कुनै पनि आलोचकलाई यो प्रतीत हुन सक्दछ कि बुद्धको कुनै आध्यात्मिक तत्वहरूको व्याख्यानमा मौनावलम्बन वहांको अज्ञानका सूचक होइन र न ज्ञात वस्तुको अप्रकटिक राख्ने भाव हो, प्रत्युत परमार्थको 'अनक्षर' हुनुको कारण उनको मौनावलम्बन नितान्त युक्ति युक्त छ । ■



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति पत्रिकाया मिसा च्वमिपिं - ९

✍ प्रेमहिरा तुलाधर

प्रस्तुत च्वसु धर्मकीर्ति अध्ययन गोष्ठीया प्रकाशन धर्मकीर्ति पत्रिकाया दँ १५ ल्याः १ स पिदंगु "धर्मकीर्ति पत्रिकाया मिसा च्वमिपिं - १" धैगु च्वसुया गुंगूगु ब्व खः । थुगु च्वसुइ धर्मकीर्ति पत्रिकाया दँ ९ ल्याः ९ स दुथ्याःपिं मिसा च्वमिपिं व वय्कःपिनि च्वसुया बारे छुं खँ न्ह्यथने त्यना ।

९. भिक्षु अश्वघोष (सं) –
धर्मकीर्ति, दँ ९ ल्याः ९ ने.सं. ११००,
बु.सं. २५२४, वि.सं. २०३७ धर्मकीर्ति विहार, श्रीघः नघःटोल, काठमाडौं ।

दँयदसं पिथना वयाच्वंगु धर्मकीर्ति दँपौया गुंगूगु ल्याखय् खनेदुपिं मिसा च्वमिपिं क्वय् न्ह्यथना कथं दु ।

| | | |
|---|---|---|
| १. अनगारिका, धम्मवती | - तःधं छु ज्वी मत्यो | - पौल्या - १४-१५ |
| २. शाक्य, केशरी | - मैत्री भावना | - पौल्या - १५-१६ |
| ३. नकर्मि, हिरा | - प्रिय वचन | - पौल्या - २०-२१ |

धर्मकीर्ति पत्रिकाया थुगु ल्याखय् मुक्कं भिम्ह च्वमिपिनि च्वसु पिदंगु दु । गुकी स्वम्ह हे जक मिसा च्वमिपिनि च्वसु दुथ्यागु दु । थ्व स्वया न्ह्योया ल्याखय् थें हे थुगु ल्याखय् नं स्वम्ह हे जक मिसा च्वमिपिं पिलूभाःगु दु ।

धर्मकीर्ति पत्रिकाया गुंगूगु ल्याचा न्हापांगु च्वसु धम्मवती गुरुमांया "तःधं छु ज्वी मत्यो" धैगु खः । गुगु च्वसुइ वसपोलं सुरुई हे भीपिं गबलें तःधं छु ज्वी मत्यो तःधं छु जुल धाःसा लिपा दुःख सी माली धैबिज्यासे बुद्धि विवेक मदुपिं, सःपिं सःस्यू जुयावल धायवं, मदुपिनि दयावल धायवं अले मत्ति मभिंपिं थथे तःधं छु जुइगु खः धका धया बिज्यात । हानं वसपोलं थथे तःधं छु जुयां छुं ज्याय् ख्यले मदु तःधं छु जुइगु धैगु पतनया कारण खः धया बिज्यासे हंसराजया क्वःया पाखें दुम्ह काय खःसां क्वः तःधं छु जुया जूम्ह जुया हंसराजया पुचलय् मतसें क्वः हे याना छ्वःगु बाखँ छपु नं न्ह्यथना बिज्यात । थुकथं थुगु च्वसुइ वसपोलं तःधं छु जुल धायवं तःधं जुइगु थासं कुतुंवइ । उकिं गबलें तःधं छु जुइ मत्यो धका भी सकसितं ध्वाथुइक कना बिज्यागु दु ।

थुगु ल्याःचा मेम्ह मिसा च्वमि मय्जु केशरी शाक्यया 'मैत्री भावना' धैगु च्वसुइ वयकलं मैत्री भावनाया परिभाषा बियादिसे मैत्री भावना धैगु थःत सुख योथें करपिनि नं सुख जुइगु इच्छा यायगु, सुयातं मभिं मजुइमा धका आशिका यायगु खः धका धैदिसे शुद्धगु मैत्री चित्त दुसा न्ह्यागु ज्या नं सफल याय् फै, तर परस्पर मैत्री चित्त मन्त धाःसा छैं छैंय् ल्वापु जुइ, त्वाःत्वालय् ल्वापु जुइ थःथःगु स्वार्थ पूवंकेगु व कतिलाकेगु जक ज्या जुइ म्वाः मदुगु निन्दा चर्चाया जक खँ पिहाँ वइ उकिं भीके परस्पर मैत्री चित्त दयकेमाः धका धैदीगु दु । नापं मैत्री बल्लाकेत दुनुगलंनिसें कामना याय्माः मैत्रीपूर्वक ज्यायाय्माः मैत्रीपूर्वक खँ ल्हाय्माः धैगु स्वंगु अंङ्ग चूलाय् माःगु खँ कना दिसे मैत्री भावना बल्लागुलिं बुद्धयात देवदत्तं अंगुलिमालं आलवक राक्षसं स्याय धका संसां स्याय् मफुत, अथेहे मैत्री भावना बल्लागुलिं स्यामावती महारानीयात कय्का हःगु वाणं नं थी मफुत धैगु खँ नं न्ह्यथना दिल । थुकथं भीसं समाजय् च्वना सकसियां प्रति मैत्री भावना याना च्वने फत धाःसा भीत छुं कथंया आपद वइ मखु धैगु लेखिका जुया क्वात्तुगु विश्वास व्यक्त जुया च्वंगु दु ।

अथेहे मेम्ह मिसा च्वमि मय्जु हिरा नकर्मि च्वयादीगु "प्रिय वचन" धैगु च्वसुइ वयकलं बुद्धया उपदेश अनुसार मनूतयके दयमाःगु विभिन्न गुण मध्यय् प्रिय वचन नं खः धैदिसे प्रियवचन सकस्यां योसां व्यवहारे छ्युले उलि हे थाकु तर छैं ल्वापु मजुइकेत याउँक जीवन हनेत, शत्रु मदयकेत, थ्व प्रिय वचन मज्जिमगाःगु तत्व खः धैदीगु दु । नापं थ्व प्रिय वचनं अशान्ति, ल्वापु जुया च्वंथाय् शान्ति हय्गु, दुःखि जुया च्वंपिन्त सान्त्वना बिइगु ज्या याइ धैदिसे दुःखी जुयाच्वंम्ह पटाचारायात बुद्धया प्रिय वचनं होस वयका बिल, घालय् वासः इलेथें सिच्चुसे च्वंका बिल अले पटाचारा नं बुद्धया शरणय् वना भिक्षुणी जुल धैगु खं नं न्ह्यथना दिल । अले शाक्य व कोलियत लःया खँय् ल्वाय् त्यंबले बुद्धया प्रिय वचनं ल्वापु शान्त जुल धैगु खँ कनादिसें भीके नं प्रिय वचन दयमाःगु साहुति वियादिल । ■

**NOT TO DO EVIL**
**पाप कर्म कहिल्यै नगर्नु**
**TO CULTIVATE MERIT**
**पुण्य गर्दै जानु**
**TO PURIFY ONE'S MIND.**
**आफ्नो (मन) चित्तलाई शुद्ध गर्नु**
*– This is the teaching of the Buddha.*
*यहि नै बुद्धहरूको उपदेश हो ।*



Downloaded from http://www.dhamma.digital

## विपश्यना ध्यानको अनुभव

२०५५ आश्विन २४ गते। यसदिन विपश्यना ध्यान केन्द्र धर्मश्रृङ्ग वुढानिलकण्ठमा दश दिने ध्यान शिविरमा भाग लिएर फर्किनु भएकी सुश्री तारा डंगोलले आफ्नो अनुभव बताउनु हुँदै भन्नुभयो - "मैले दृढ निश्चय र अधिष्ठानका साथ १० दिने विपश्यना भावना शिविर पूरा गरी नौलो अनुभव बोकी फर्कें।

पहिलो दिन विपश्यना ध्यान केन्द्रमा पुग्नासाथ त्यहाँको स्मरणिय र शान्त वातावरणले मेरो मन प्रभावित पाऱ्यो। केन्द्रको नियमानुसार १० दिने शिविर अवधिभर आर्यमौन नियम पालन गर्नुपर्दोरहेछ अर्थात् ध्यान आचार्यसंग बाहेक अरूहरू संग कुरा गर्न नपाउने रहेछ। कारण आर्यमौन भंग गरेको खण्डमा विपश्यना ध्यान त्यति प्रभावकारी नहुने रहेछ। ३ दिनसम्म श्वास प्रश्वासमा मात्र आफ्नो मनलाई केन्द्रित गरी आनापान सति ध्यानको अभ्यास गराइन्छ। ध्यान बस्ने बेला आफूलाई जसरी सुविधा हुने हो, त्यसरी नै बस्न पाइने रहेछ। तर ध्यान बसेको अवधिभर आफ्ना शरीरका अंगहरूलाई मनपरी नचलाउने निर्देशन दिइन्छ। शुरूशुरूमा यसरी बस्न कठिन भएपनि मैले यसरी अनुभव गरें - हामीले आफ्नो मनलाई दृढ गरी अधिष्ठान गरेको खण्डमा नसकिने कुरो रहेनछ।" त्यसैले मन नै प्रमुख रहेछ भन्ने कुरो पनि बुझियो। त्यति मात्र होइन, यो ध्यान अभ्यासबाट यो कुरो पनि राम्ररी बुझें - हाम्रो मन ज्यादै चञ्चल हुँदो रहेछ। एकछिन श्वास प्रश्वासमा मन केन्द्रित गर्न पनि ज्यादै कठिन हुँदो रहेछ। भूतकालिन र भविष्यकालिन घटनाहरूको विचार गर्ने कार्यमा मात्र हाम्रो मन रमाइरहने रहेछ। यसरी विचार गरिरहँदा पनि अक्सर गरेर अर्काको दोषलाई मात्र सम्झी मनमा द्वेषभाव उत्पन्न भइरहने रहेछ। तर आफ्नो दोषलाई भने सम्झन त्यति नचाहने रहेछ। यसरी नचाहिँदो कल्पना गर्दागर्दै श्वास प्रश्वासमा एकछिन मन एकाग्र गर्न पनि कठिन हुँदो रहेछ।

शिविर अवधिभर साधकहरूले पञ्चशीललाई पूरा पालन गर्नु पर्दो रहेछ। शिविरमा रहुन्जेल शरीर बाट हुने ३ प्रकारका पापकर्म र आर्य मौनको नियमले गर्दा वचनबाट हुने ४ प्रकारका पाप कर्महरूबाट त पूरा नै बच्न सकिंदो रहेछ।

३ दिनसम्म श्वास प्रश्वासमा मन एकाग्र पारिसकेपछि चौथौं दिनदेखि विपश्यना ध्यान विधि भनी आफ्नो मनलाई आफ्नो शरीरभरि (टाउको देखि पाइतालासम्म र पाइतालादेखि टाउकोसम्म के कस्ता घटनाहरू घटिराखेका छन्, त्यसलाई जसरी भइराखेको छ त्यसरी नै अध्ययन गर्ने अभ्यास गराइँदो रहेछ। शरीरका जुनसुकै पनि भागमा घटिरहने घटनाहरू नित्य नहुने रहेछ। केहि समय पछि त्यस वेदना स्वत: नाश भएर जाने रहेछ। विपश्यना भावनाले शरीरमा भइरहेको अनित्यताको बोध राम्ररी गराउँदो रहेछ। यसरी मैले थाहा पाएँ, विपश्यना भावनाले अनित्य शब्दलाई सुन्ने र बुझ्नेमा मात्र सीमित नराखी त्यसलाई आफ्नै अनुभवले बोध गर्न मद्दत गर्दो रहेछ। यथाभूत अनुभव गर्न नसकेसम्म हाम्रो मनले अनेक प्रकारका बाह्य भौतिक पदार्थहरूको इच्छा राख्दै लोभ भावना सृजना गरिराख्छ भने आफूलाई मन नपरेको घटना घटेमा द्वेषभावना पैदा गरिरहँदो रहेछ। तर विपश्यना भावनाले हाम्रो मनलाई लोभ र द्वेषबाट टाढा रही तटस्थ रहने सल्लाह दिन्छ।

यसरी आफ्नो मनलाई राग र द्वेषबाट जति जति अलग्ग राख्न सकिन्छ त्यति त्यति यसमा ठीक तरीकाले सोच्ने शक्ति बढ्दो रहेछ। ठीक तरीकाले सोच्ने शक्ति मानिसमा वृद्धि भएपछि त्यस व्यक्तिको जीवन सुखमय हुने स्वभाविक नै भयो।"

यस दिन श्यामलाल चित्रकारले कक्षाको रिर्पोट गर्नुभएको थियो।

## बुद्ध शिक्षा मानविय शिक्षा हो

२०५५ आश्विन ३१। यसदिन बरदेश मानन्धरले अध्ययन गोष्ठीको कार्यक्रमलाई अझ राम्रो र प्रभावकारी पार्नका लागि यस गोष्ठीका सबै सहभागी-हरूले आ-आफ्नो जिम्मेवारी र कर्त्तव्य निभाउनु पर्ने सुझाव व्यक्त गर्नुभयो। अध्ययन गोष्ठीका सहभागीहरूको माग अनुसार व्यवहारिक विषय वस्तु र धर्मलाई संगसंगै लानु पर्दछ भन्नुहुँदै उहाँले संचालित विषयवस्तुहरूमा मूल्यांकन हुनुपर्ने कुरामा पनि जोड दिनुभयो। उहाँले अगाडि भन्नुभयो- बुद्ध शिक्षा नै मानविय शिक्षा हो। मानिसले आ-आफ्नो कर्त्तव्य पालन गर्नु नै धर्म र मानवता हो। बहुजन हिताय बहुजन सुखाय उद्देश्य


Downloaded from http://www.dhamma.digital

रहेको यस बुद्ध शिक्षाले सबै मानव जातीको मानसिक शान्ति जीवन उत्थान र व्यवहारिक विषयवस्तुमा ध्यान दिएको कारणले यस शिक्षा हरेक क्षेत्रमा उत्तिकै व्यवहारिक रहेको देखिन्छ ।

सुश्री तारा डंगोलबाट संचालित यस दिनको कार्यक्रमको सभापति विकास रत्न तुलाधर रहनु भएको थियो ।

## चतुआर्य सत्य

२०५५ कार्तिक ७ गतेका दिन श्यामलाल चित्रकारको सभापतित्वमा श्री मदन रत्न मानन्धरबाट 'चतुआर्य सत्य' विषयमा प्रकास पार्नु भयो ।

उहाँले भन्नुभयो - चतुआर्य सत्य भनेको - चार वटा सत्य हो ।

१. **दुःख सत्य** - सायद संसारमा दुःख नभएका मानिसहरू छँदै छैन । दुःख भनेको मनले विचार गर्ने भएकोले यसलाई दौमनस्य पनि भनिन्छ । हरेक व्यक्तिलोई नाना प्रकारका दुःख हुन्छन् ।
ती सबैलाई ८ भागमा वर्गिकरण गरेका छन् :-

(क) जन्म हुनु दुःख
(ख) जिर्ण हुनु दुःख
(ग) मृत्यु हुनु दुःख
(घ) व्याधि हुनु दुःख
(ङ) मनपर्ने संग छुटेर बस्नु पर्ने दुःख
(च) मन नपर्नेसंग संगै बस्नु पर्ने दुःख
(छ) इच्छाएको वस्तु वा कुरा प्राप्त नहुनु दुःख
(ज) पञ्चउपादान स्कन्ध दुःख ।

२. **दुःख समुदय सत्य** - दुःख त्यसै आउँदैन । दुःख आउने कारणहरू छन् । दुःख आउने मुख्य कारण तृष्णा हो ।

(क) काम तृष्णा - सुख प्राप्ति गर्ने इच्छा
(ख) भव तृष्णा - फेरी फेरी जन्म हुने इच्छा
(ग) विभव तृष्णा - यहि जन्ममा मात्र मोज गर्ने

३. **दुःख निरोध सत्य** - दुःखका कारण छ भने त्यसलाई हताउन सकिन्छ ।

४. **दुःख निरोध गामिनी प्रतिपदा मार्ग सत्य** - दुःख कारणहरू त्यसै हत्दैन । त्यसलाई हटाउने उपायहरू समेत भगवान बुद्धले देखाउनु भएको छ ।

त्यसकारण भगवान बुद्धले देशना गर्नुभएको मार्गमा हिँड्नुस वा मनन गर्नुस् सम्पूर्ण दुःखबाट मुक्त भई निर्वाण मार्गसम्म पनि पुरदछ । बुद्ध दुःख नास होस् फलना फलनालाई मुक्ति होस् वा सुखी होस् भनी बरदान दिने कुनै देवता होइन । वहाँ त केवल मार्ग दर्शक मात्र हुनुहुन्छ । दुःख हटाई सुख प्राप्त गर्न उहाँले बताउनु भएको मार्गमा आफैं हिड्नुपर्छ । त्यसलाई आर्य - अष्टाङ्गिक मार्ग भनिन्छ जुन यसप्रकारकार छन्:-

(क) सम्यक दृष्टि
(ख) सम्यक संकल्प } लाई प्रज्ञा पनि भनिन्छ

(ग) सम्यक वाचा
(घ) सम्यक कर्मान्त
(ङ) सम्यक आजीविका } लाई शील पनि भनिन्छ

(च) सम्यक व्यायाम
(छ) सम्यक स्मृति
(ज) सम्यक समाधि } लाई समाधि पनि भनिन्छ ।

*उक्तदिन कक्षा संचालन तारा डंगोल र रिर्पोटर साबित्री चित्रकार ।*

## शुद्ध चित्त र स्वस्थ जीवन

२०५५ कार्तिक २१ गते । यसदिन वीर्यवती गुरुमांले "शुद्ध चित्त र स्वस्थ जीवन" बारे वताउनु हुँदै भन्नुभयो- "आजकलको बाह्य वातावरण जति दुषित छन् समाजमा धेरैजसो मानिसहरूको मन पनि संकुचित र दुषित नै देखिन्छन् । त्यसैले धेरैजसो मानिसहरूको मनमा नीजि स्वार्थले भरिएको लोभीपना (राग) र आफ्नो स्वार्थ पूरा नभएसम्म उत्पन्न हुने क्रोध (द्वेष) एक पछि अर्कोले ठाउँ ओगटी राखेको देखिन्छ । यस्तो दुषित चित्तले हामीमा अहमभाव र हीनभाव सृजना गरिदिन्छ । अनि हाम्रो मन, वचन र शरीरबाट प्रत्यक्ष वा अप्रत्यक्ष तरीकाले वरिपरिका व्यक्तिहरूको मन, शरीर र यशकीर्तिमा हस्तक्षेप गर्दै हानी पुऱ्याइरहेको हुन्छ । यस्तो प्रवृत्तिले भरिएपछि हामीलाई भौतिक सुखले परिपूर्ण भएपनि मानसिक सुख भने प्राप्त हुन गाऱ्हो हुन्छ । मानसिक सुख प्राप्त गर्न नसक्ने व्यक्तिलाई समाजको स्वस्थ व्यक्ति मान्न सकिँदैन । तर सुखी, स्वस्थ जीवन र समाजको लागि भने स्वस्थ व्यक्तिहरूकै आवश्यकता पर्दछ । किनभने अस्वस्थ व्यक्ति स्वयं आफू मात्र दुखी हुने होइन उसले आफू वरिपरिका व्यक्तिहरूलाई समेत दुखी पारिदिन्छ । किनभने त्यसमा अरूको मात्र दोष खोतली झगडा र अशान्तीपूर्ण वातावरण सृजना गर्ने बानी हुन्छ । त्यसैले अहिले हामीले आफूलाई सभ्य र धार्मिक बनाई स्वस्थ जीवन जिउने हो भने धार्मिक र दार्शनिक सिद्धान्तहरू बारे वाद विवाद, तर्क वितर्क र धर्म प्रचार गर्ने भन्दै धर्मको मात्र बयान गरी अरूलाई बुझाउनुतिर मात्र लाग्नु अगाडि आफूले


Downloaded from http://www.dhamma.digital

आफैलाई चिन्ने प्रयास गर्नु पर्ने देखिन्छ । अर्काले के गऱ्यो, के गरेन भन्ने तर्फ नहेरी आफ्नो गलत विचार र आफूले अरूप्रति गरिराखेको कार्यमा निगरानी राख्न आवश्यक देखिन्छ ।

सजिलो तरिकाले भन्ने हो भने आफ्नो शरीर, वचन र मनले कुनै पनि कार्य अरूप्रति गर्न अगाडि त्यही कार्य अरूले आफू प्रति गरेको खण्डमा आफूलाई मन पर्छ भने मात्र आफूले पनि अरूप्रति त्यस कार्य गर्ने गर्नुपर्छ । होइन भने त्यस्तो कार्य आफूबाट नगरिनु नै बेस हुनेछ । यसरी आफू र आफ्ना हितैषी व्यक्तिहरूलाई जति माया र स्नेह गरिने हो, त्यसरी नै अरूप्रति पनि माया र स्नेह जागृत गर्न सकेमा मात्र हाम्रो चित्त शुद्ध भई स्वस्थ जीवन जिउन सक्ने छ र स्वस्थ समाजको सृजना हुन सक्ने देखिन्छ ।

यस दिनको कार्यक्रमको सभापति चिनीकाजी महर्जन, संचालिका तारा डंगोल र रिपोर्टर जुजुमान महर्जन हुनुहुन्थ्यो ।

## 'मुक्तिको मार्ग'

✍ लक्ष्मीप्रसाद सुवेदी, कीर्तिपुर

कलियुगको यो कोलाहलमा ।
दूषित सब भो पृथ्वी तलमा ॥
भरियो मनमा सारा अशान्ति ।
छैन कतै यो जगमा 'शान्ति' ॥

मन्दिर- मन्दिर घण्टी बज्छन् ।
राम - राम यहाँ सब नै भज्छन् ॥
सत्य धर्मको मर्म कहाँ गो ।
आज सबैको कलुषित मन भो ॥

बुद्धले 'शान्ति' को मार्ग देखाए ।
पञ्चशीलको ज्ञान गराए ॥
विश्वले पायो ज्ञानको ज्योति ।
जागृत सब भो मानव जाति ॥

पण्डित धकाः धाइम्हेसिया स्वंगु बाँलागु स्वभाव दै व स्वभाव थथे खः–

१. सुभाषित खँ ल्हाइम्ह जुइ ।
२. कुशल कर्म याइम्ह जुइ ।
३. भिगुं खँ चिन्तना याइम्ह जुइ ।

✎ *हेराकाजी सुइका*

## गरूँ के ?

✍ राज शाक्य, कालेबुंग,

एकान्तको मन रानी
दुःखित भई रून्छिन्
त्याग्छु भन्छ तृष्णालाई
मोह - पाशमा बाँधिन्छन् ।

कल्पनाको सुख सागरमा
मन, पंछी बनि उड्छन्
अकुशल विचार सागरमा
मत्स्य बनि पौडिन्छन्

पंञ्चतत्व तन वाटिकामा
पुतली बन्छ यहि मन
क्रोधाग्निले अन्धो हुन्छ
अतृप्तिमा यही मन

व्याकुल व्यथित व्यग्र हुन्छ
स्वच्छ निर्मल बन्न नसकि
आफै खोजि आफै भाग्छ
पंञ्चशील अपनाउँन नसकि

पिएर राग-द्वेष इर्ष्या
मात्छ यही मन
मात भेटे, चेतनामा
पछुताई रुन्छ यही मन ।

जानी जानी फँस्छ किन
अकुशल कार्यमा मन
दमन गर्न सकेन किन
मनले मनलाई भन ?

मन नै कर्ता मन नै धरता
मन नै रहेछ भोक्ता
मन नै पूर्ण मन नै औंसी
मन नै रहेछ हरता ।

जगाउँ कसरी शुद्ध-धर्म
मनको विषमता हटाई
हिडौं कसरी मोक्ष-पथमा
मनको विकृति हटाई ?


Downloaded from http://www.dhamma.digital

## लुम्बिनीमा विश्व बौद्ध सम्मेलनको समुदघाटन

राज प्रतिनिधि परिषदका अध्यक्ष श्री ५ युवराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेवबाट मंसीर १५ गते विशेष समारोहका बीच लुम्बिनीमा आयोजित विश्व बौद्ध सम्मेलनको परम्परागत ३७ बोधिदीप प्रज्वलन गरी समुद्घाटन गरिबक्स्यो ।



लुम्बिनी विश्व बौद्ध सम्मेलनको उद्घाटन समारोहमा उपस्थित जनसमूह ।

मौसुफबाट सो अवसरमा बुद्ध झण्डा फहराइ बक्स्यो । उक्त अवसरमा भिक्षुहरू, लामाहरू र गुर्जुहरूले मंगल कामनागरी पाठ गर्नुभएको थियो ।

सो अवसरमा मौसुफबाट लुम्बिनीको महत्व र गरिमालाई ध्यानमा राखेर यसलाई एक पवित्र शान्तिभूमिको रुपमा विकास गर्ने कार्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रबाट प्रयासहरू भइरहेको हुकुम हुँदै यस शिखर सम्मेलनले लुम्बिनीको समुच्च विकासका लागि उपयुक्त कार्यक्रम र प्रतिबद्धता सहितको घोषणापत्र जारी गर्ने आशा व्यक्त गरिबक्स्यो ।


लुम्बिनीलाई विश्व शान्ति मुहानको रूपमा प्रवर्द्धन गर्ने उद्देश्य रहेको यो शिखर सम्मेलन लुम्बिनीमा नै आयोजना हुनुले यसको महत्व र सान्दर्भिकता अझ बढ्न गएको उल्लेख गरिबक्सन्दै मौसुफबाट हुकुम भयो– लुम्बिनीको विकासमा अन्तर्राष्ट्रिय सहभागिता जुटाउने उद्देश्यले हाम्रा पूज्य बुबाज्यु स्व. श्री ५ महेन्द्र तथा संयुक्त राष्ट्र संघका तत्कालीन महासचिव स्व. ऊ थान्टबाट आजभन्दा तीन दशक अघि भएको पहलको हामी यहाँ स्मरण गर्न चाहन्छौं, साथै लुम्बिनी विकासको गुरुयोजना तयार पार्ने जापानी वास्तुविद् प्रोफेसर केन्जो टांगेको योगदान पनि सराहनीयछ ।

मौसुफबाट मनुष्य अनादिकालदेखि शान्तिको खोजीमा छ, शान्तिको अभावमा व्यक्ति समाज एवं राष्ट्रले दुःख कष्ट व्यहोर्नु परेको उदाहरणहरू हामी समक्ष प्रशस्त छन् हुकुम हुँदै विश्व शान्ति, मैत्री सह अस्तित्व जस्ता बुद्धका शिक्षाहरू आज पनि उत्तिकै सान्दर्भिक भएको बौद्ध दर्शनमा आधारित पञ्चशीलको सिद्धान्त कतिपय राष्ट्रहरूका बीच निर्देशन सिद्धान्त बन्न पुगेको हुँदा लुम्बिनी विश्व शान्ति र अन्तर्राष्ट्रिय सद्भावको सशक्त प्रतीक बनेको उल्लेख गरिबक्स्यो ।

सो अवसरमा श्री ५ युवराजधिराजबाट विश्व सम्पदा समेत समावेश भएको लुम्बिनी क्षेत्रको विकास कार्यमा विश्वका सम्पूर्ण शान्तिप्रेमी जनसमुदायबाट सहयोग र सहभागिता हुने आशा पनि व्यक्त गरिबक्स्यो ।



Downloaded from http://www.dhamma.digital



लुम्बिनी विश्व बौद्ध सम्मेलनको बन्द शेसन छलफल कार्यक्रममा भाग लिनु हुँदै, भिक्षुणीहरू र अन्य सहभागीहरू।

व्यक्त गर्दै लुम्बिनीको विकासको लागि आपूहरू सबै प्रतिबद्ध हुनु पर्ने बताउनु भयो । उहाँले विश्व शान्तिका लागि यो सम्मेलन अति नै महत्वपूर्ण हुने विश्वास पनि व्यक्त गर्नुभयो ।

यस अघि स्वागत मन्तव्य व्यक्त गर्दै सम्मेलन तयारी समितिका अध्यक्ष एवं युवा खेलकुद तथा संस्कृति मन्त्री पूर्णबहादुर खड्कालेउद्घाटन समारोहमा प्रधानमन्त्री गिरिजा प्रसाद कोइरालाले अति प्राचीनकालदेखि नै नेपालमा हिन्दू र बौद्ध धर्म परिपूरकरूपमा रहेको बताउनु भयो । प्रधानमन्त्री कोइरालाले लुम्बिनीमा अझै केही गर्न बाँकी रहेको तर केही वर्ष यता विकासकार्य शिथिल भएको स्वीकार्दै श्री ५ को सरकारले लुम्बिनी क्षेत्रको एकीकृत विकासको लागि पहल गरिरहेको जानकारी दिनुभयो ।

उहाँले बुद्धका शान्ति र अहिंसाका उपदेशहरू अझ महत्वपूर्ण हुँदै गइरहेको विचार व्यक्त गर्दै संयुक्त राष्ट्रसंघले शान्तिको विषयमा केही घोषणा गर्दा लुम्बिनीबाट नै गर्न अनुरोध गर्नुभयो ।

प्रधानमन्त्री कोइरालाले सम्पूर्ण मित्रराष्ट्र संघ संस्था आदिलाई लुम्बिनी विकासमा सहयोग गर्न आग्रह गर्दै लुम्बिनी नेपालको मात्र नभएर विश्वका शान्तिप्रेमी समस्त मानव मात्रको सम्पत्ति भएको हुँदा यो क्षेत्रलाई शान्तिस्थल तथा तीर्थस्थलको रूपमा विकास गर्न सबै आ-आफ्नो क्षेत्रबाट प्रतिबद्ध हुनु पर्ने विचार व्यक्त गर्नु भयो ।

श्रीलंकाका बुद्धशासन संस्कृति तथा धार्मिक मामिला सम्बन्धी मन्त्री लक्ष्मण जयकोडीले विश्व शान्तिको दर्शनलाई कसैले पनि बाँध्न नसक्ने विचार

आणविक हतियारबाट तनावग्रस्त वातावरणलाई नेपालको लुम्बिनीतर्फ आकर्षित गरी यसलाई विश्व शान्तिको कारक बनाउन यो सम्मेलनको आयोजना गरिएको बताउनु भयो ।

सो अवसरमा म्यानमारका धार्मिक मामिला सम्बन्धी उपमंत्री ऊ.आङ.फिङ, संघनायक भिक्षु अनिरुद्ध महास्थविर बंगलादेशका भिक्षु सुदानन्द महास्थविर, पण्डित बद्रिरत्न वज्राचार्य, मंगोलियाका आङगलाङ, भूटानका ज्ञानेस झिपुचे रिम्पुछे, धर्मगुरु लामा डुसे रेम्पुची ले सद्वचन व्यक्त गर्नु भएको थियो भने नेपालका लागि थाइल्याण्डका राजदूत प्रिचा परिसान्टले थाइनरेशबाट बक्सभएको शुभकामना सन्देश, यू. एन्.डी पीका आवासीय प्रतिनिधि हेनिङ्ग कार्चरले संयुक्त राष्ट्रसंघका महासचिव कोफी अन्नानले पठाउनु भएको शुभकामना सन्देश, विश्व बौद्ध भातृत्व संघका उपाध्यक्षले सोही संघका अध्यक्षले पठाउनु भएको शुभकामना सन्देश पढेर सुनाउनु भएको थियो ।

विश्वको करीब २० देशका प्रतिनिधिहरूले भाग लिइरहेको सो कार्यक्रमको उद्घाटन समारोहपछि शुरू भएको बन्दसभामा प्रस्तुत गरिएको दुइ वटा कार्य पत्र माथि छलफल भए ।


Downloaded from http://www.dhamma.digital

### मायादेवी मन्दिरको शिलान्यास

२०५५ मंसीर १५ गतेकै दिन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले लुम्बिनीमा पुनर्निर्माण गरिन थालेको मायादेवी मन्दिरको शिलान्यास गर्नुभयो ।

यस अघि यहाँ रहेको पुरानो मायादेवी मन्दिर भत्काएर जापान बुद्धिष्ट फेडेरेशनले गत १९९७ को डिसेम्बरमा उत्खनन् कार्य सम्पन्न गरेको थियो । तर त्यसपछिको पुनर्निर्माणको सम्बन्धमा जापान बुद्धिष्ट फेडेरेशन र लुम्बिनी विकासकोष बीच विवाद उत्पन्न भएकोले हालसम्म रोकिएकोमा गत हप्ता मात्र मन्दिर पुनर्निर्माणको सम्बन्धमा सहमति भएको बताइएको छ ।

### श्रीलंका विहारको शिलान्यास

यसै बीच प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला, उपप्रधान मन्त्री सुश्री शैलजा आचार्य, श्रीलंकाका बुद्ध शासन सम्बन्धी मन्त्री लक्ष्मण जयकोडी र श्रीलंकाली राजदूत पामिला जेडीनले श्रीलंका सरकारद्वारा लुम्बिनीमा निर्माण गरिने बौद्ध विहारको संयुक्त रूपमा शिलान्यास गर्नुभयो । उक्त अवसरमा संघनायक भिक्षु अनिरुद्ध महास्थविर, भिक्षु कुमार काश्यप, भिक्षु अश्वघोष, भिक्षु विमलानन्द, भिक्षु ज्ञानपूर्णिक, भिक्षु मैत्री प्रमुख धेरै भिक्षुहरूको उपस्थिति र परित्राण पाठ गर्नुभएको थियो ।

### रक्षेश्वर महाविहारमा बुद्ध पूजा र हाजिर जवाफ प्रतियोगिता

२०५५/७/२२ रक्षेश्वर महाविहार (क्वथु बही) मा प्रत्येक हप्ता संचालन भईरहेको साप्ताहिक कार्यक्रमको 'स्वर्ण जयन्ती'को उपलक्ष्यमा 'बुद्ध पूजा - धर्मदेशना' र 'आन्तरिक हाजिर जवाफ प्रतियोगिता' गरी दुई चरणमा सम्पन्न गरियो ।

श्रद्धेय अनोजा गुरुमांबाट शुरू गरिएको पहिलो चरणको कार्यक्रम 'बुद्ध पूजा' पछि उहाँले बुद्ध पूजाको महत्व र आदर, सम्मान गर्न योग्य पाँच व्यक्तिहरू 'गुरु, आमा-बुबा, बुद्ध, धर्म र संघ' बारे प्रकाश पार्नु भएको थियो । उक्त पहिलो चरणमा रक्षेश्वर महाविहार संरक्षण समितिका अध्यक्ष श्री हेमबज्र शाक्यले धन्यवाद ज्ञापन गर्नु भएको थियो । बुद्ध पूजा अघि सुलक्षण कीर्ति विहार, चोभारबाट भजन प्रस्तुत गरिएको थियो ।

त्यस्तै दोस्रो चरणको कार्यक्रम 'आन्तरीक हाजिर जवाफ प्रतियोगिता' मा प्रथम, द्वितिय र तृतीय क्रमशः 'संघ', 'बुद्ध' र 'धर्म' समूह भएको थियो । उक्त विजयी समूहहरूलाई सभाका सभापति एवं विहारका आजु सूर्यमान शाक्यले पुरस्कार वितरण गर्नु भएको थियो । विहारका सदस्य श्री जीवन शाक्यले धन्यवाद ज्ञापन गर्नु भएको उक्त प्रतियोगितामा समितिका अध्यक्ष हेमबज्र शाक्य, कोषाध्यक्ष पद्मबहादुर शाक्य र का. स. रूपकुमार शाक्य निर्णायक मण्डलमा बस्नु भएको थियो भने समितिका सह-सचिव सुरेन्द्र कुमार शाक्य प्रश्न कर्ता हुनु भएको थियो ।

### २५४१ औं मौद्गल्यायन महापरिनिर्वाण दिवस

नीन्यासः व पीछदँ न्ह्योया कछलाथ्वया पुन्ही (सकिमना पुन्ही) व कछलागाया आमै कुन्हु भगवान् बुद्धया शासने अग्रश्रावक जुया बिज्यापिं सारिपुत्र व मौद्गल्यायन महास्थविरजुपिंसं बाःछिजक पाका थःथःगु आयु संस्कार त्याग याना थ्व अनित्यगु संसारं सदां सदांया निम्तिं भौतिक देह त्याग याना महापरिनिर्वाण हेतु प्राप्त याना बिज्यागु दिं खः । थुगु हे दिंयात लुमन्तियासे कछलागाया आमै कुन्हु नगदेश बुद्ध विहारे "बौद्ध ल्याय्म्ह पुचः नगदेश" या ग्वसाले जूगु मुनेज्याय् नगदेश बौद्ध समूहया नायोभाजु ज्ञानकुमार बाडेजुया अध्यक्षताय् श्रामणेर शीलरत्नजु पाखें पञ्चशील प्रार्थना याका मुनेज्या न्ह्याःगु जुल ।

उगु मुनेज्याय् श्रामणेर शीलरत्नजुं सारिपुत्र व मौद्गल्यायन महास्थविरजु पिनिगु जीवनी-चर्चा याना बिज्यातसा नगदेश बौद्ध समूहया सचिव भाजु कृष्ण कुमार प्रजापतिजुं सारिपुत्र व मौद्गल्यायनथें जाःपिं मेधावी भिक्षुपिं नापं निसःत्या (२५०) परिब्राजकपिं भगवान् बुद्धया शासनय् द्वहाँ बिज्याना अग्रश्रावक (धर्म सेनापति) जुया बिज्यागुलिसे वसपोलपिंसं बाःछि पाका महापरिनिर्वाण हेतु प्राप्त याना बिज्यागु खँ न्ह्यथनादिगु जुल । नगदेश बौद्ध समूहया न्वकु भाजु दीपकराज साँपालजुं हालसालय् भारतया सारनाथय् जूगु विश्व बौद्ध महोत्सवय् भारतीय राष्ट्रपति के. आर. नारायणनजुं भगवान बुद्ध भारतय् जन्म जूगु धका दावीयागु खँय् आपति प्वंकुसे थ्व छगू भारतीय सत्तासिन बर्गतय्गु हेपाहा प्रवृति खः धका न्ववाना दिलसा भाजु रामभक्त हाँय्जुं सुभाय् देछाया दिल । उगु मुने ज्याय् बौद्ध ल्याय्म्ह पुचःया नायो भाजु शिवभक्त मेजुं लसकुस न्वचु बिया दिलसा थ्वहे मुनेज्या पुचःया न्वकु भाजु बाबुनाथ बाडेजुं न्ह्याकां दिगु जुल ।


Downloaded from http://www.dhamma.digital

 ✍ मेघदूत

# लुम्बिनीमा बौद्ध सम्मेलन

आज त थुप्रै सदस्यहरू समयमा नै उपस्थित हुनु भयो । राम्रै भयो । उपस्थित हुनुभएका सदस्यहरूमध्ये कतिपयले एकैपटक कुरो उठाए - "हामी आज लुम्बिनीमा सम्पन्न भएको विश्व बौद्ध सम्मेलनको विषयमा जानकारी लिन चाहन्छौं । सम्मेलन कत्तिको सफल भयो ? तर अखवारहरूले त सम्मेलन असफल रहेको विषयमा चर्चा गरेको सुनिन्छ नि ?

आयोजकहरूमध्ये एकजनाले भन्यो - हाम्रै सदस्यज्यू एकजना पनि सम्मेलनमा प्रतिनिधिको रूपमा भाग लिएर फर्किनु भएको छ नि । उहाँबाट नै सुनौं न ।

सदस्यज्यूले आफ्नो अनुभव यसरी सुनाउनु भयो - "खै, मेरो विचारमा त लुम्बिनीमा सम्पन्न बौद्ध सम्मेलन शिखर हुन सकेन जस्तो लाग्छ । तर विश्व बौद्ध सम्मेलनको मात्र कुरो गर्ने हो भने यसले आशा गरेको भन्दा बढि सफलता हासिल गरेको देखियो । किनभने लुम्बिनी जस्तो ठाउँमा विश्व बौद्ध सम्मेलन सम्पन्न गरिनु सजिलो कार्य त अवश्य होइन । सरकारी स्तरबाट गरिएको सम्मेलन भएकोले यसलाई राम्रै मान्नु उपयुक्त होला । सम्मेलन अवधिभर मिलाइएको व्यवस्थाहरूको कुरो गर्ने हो भने सरकारी मानिसहरूलाई मिलाइएको व्यवस्था त ठीकै देखियो । तर अन्य साधारण बुद्ध अनुयायीहरूलाई मिलाइएको व्यवस्था भने त्यति सन्तोषजनक मान्न सकिएन । भैरहवा, बुटवल आदिसम्म बस्ने व्यवस्था मिलाइएको थियो । धेरै मानिसहरूलाई लुम्बिनी क्षेत्रभित्र जान पनि मुश्किल परेको थियो । सुरक्षाको लागि ठूलो समूहमा सिपाहीँहरू देखिए । तर बाटोहरू बन्द थिए । त्यसैले धेरै बौद्धहरू असन्तुष्ट भई फर्केको देखियो । लुम्बिनी जस्तो ठाउँमा सबै संघ संस्थाका सदस्यहरूलाई निमन्त्रणा दिएर आवश्यक व्यवस्था मिलाउने कार्य त्यति सजिलो पनि थिएन । फेरि सरकारी स्तरीय सम्मेलन भएकोले सरकारी सचिव र कर्मचारीहरू समावेश हुनै पर्‍यो । पास वितरणमा पक्षपात र भ्रष्टाचार समेत भयो रे भन्ने हल्ला छ ।

जेहोस् ! सम्मेलन सफल भएकोले लुम्बिनी विकास कार्यमा बल मिलेको छ । सम्मेलन अवधिभर भए पनि लुम्बिनीमा बौद्ध वातावरण देखिएको थियो ।"

एकजनाले प्रश्न गर्‍यो - "किन र अघि पछि त्यहाँ यस्तो वातावरण थिएन ?"

"छैन नै भन्नु पर्‍यो नि । किनभने पहिला त्यहाँ त्यति बौद्ध परिवारहरू नै देखिदैनन्थे । एकजना मात्र नेपाली भिक्षु मायादेवी मन्दिर नजिक बस्नु हुन्थ्यो भने अरू बर्मी, श्रीलंकाली भिक्षुहरू नयाँ विकास क्षेत्रमा बस्नु हुन्थ्यो । तर त्यहाँ भएका भिक्षुहरू पनि त्यति बाहिर निस्कनु हुन्नथ्यो ।

त्यसैले होला, जापानी र ताइवानीहरू "के यहाँ भिक्षुहरू बस्दैनन् ?" भनेर सोध्ने गर्थे । यसरी यस क्षेत्रमा लामाहरू देखिए पनि पहेँला लुगा लगाउने भिक्षुहरू भने देखापर्न नै गाह्रो । तर यस सम्मेलन अवधिभर त्यहाँ देशी र विदेशी गरी दर्जनौं भिक्षुहरूले भाग लिएको देखियो । काठमाडौंबाट मात्र जम्मा १५ जना भिक्षुहरूले प्रतिनिधिको रूपमा भाग लिएका थिए । तर भिक्षुहरूलाई बस्ने खाने ठाउँको प्रबन्ध त्यति सन्तोषजनक नभएको चर्चा थियो ।"

एकजनाले फेरि प्रश्न सोध्न थाल्यो -"सफलताको कुरा गर्नुहुँदै फेरि असफलता र असन्तोषको कुरो कहाँबाट आयो ?"

हुन त हो बेहोशीमा कुराले चिप्लेटी खाएछ । सम्मेलनभरि बिहानैदेखि काठमाडौंका ज्यापू महागुठी समूहले धिमे बाजा, धा: बाजा, बाँसुरी आदि प्रचलित बाजाहरू बजाई वातावरणलाई रमणीय पारेका थिए । त्यस्तै लामा, जापानी र कोरियन आदि भिक्षुहरूको दर्जनौं समूहहरूले अशोकस्तम्भ र मायादेवी मन्दिर वरिपरि प्रार्थना गरिरहेका थिए । फेरि वज्राचार्य गुरुजु समूहले पनि आ-आफ्ना शैलीले पूजा पाठ गरिरहेका थिए ।

लुम्बिनीको चारैतिर बौद्ध झण्डाले सजाइएको र बुद्ध वचन अंकित गरिएका तूलहरू ठाउँ ठाउँमा टाँगिएकोले त्यहाँ बौद्ध वातावरण झल्किएको प्रष्टिन्थ्यो ।

यस सम्मेलनको अर्को उपादेयताहरू यसरी थिए लुम्बिनी बगैंचा सफा सुग्घर देखिनु, सडक मरम्मत हुनु, मायादेवी मन्दिरको पुन: निर्माण गर्ने लक्ष राखी शिलान्यास कार्य सम्पन्न हुनु ।



Downloaded from http://www.dhamma.digital

श्रीलंकाका सरकारबाट बनाइने विहारको शिलान्यास कार्यक्रम त बिलकुलै बौद्ध वातावरणमा सम्पन्न भएको थियो । थुप्रै भिक्षुहरूको उपस्थितिमा सम्पन्न भएको यस शिलान्यास कार्यक्रममा भिक्षुहरूलाई विशेष सम्मानका साथ बस्ने प्रबन्ध मिलाइएको थियो। पञ्चशील प्रार्थनाबाट शुरु गरिएको उक्त कार्यक्रममा नमो तस्स, बुद्धं सरणं गच्छामि आदि पालि शब्दहरूको आवाज गुँजिरहेको थियो । शिलान्यासमा भिक्षुहरूले मंगल सूत्र पाठ गर्नुभएको थियो ।

हुनत, महामायादेवी मन्दिर शिलान्यास गर्ने बेलामा र बौद्ध सम्मेलन उद्घाटनको अवसरमा पनि भिक्षु, लामा र गुर्जुहरूले मंगल कामना सहितको पाठ गर्नु भएको थियो । तैपनि यसलाई केही महत्त्व राखिएको देखिएन । अधिकारी वर्ग र टी.भी. क्यामरावालाहरूको ध्यान पनि अर्कैतिर मोडिएको थियो ।

त्यसैले होला, सरकारले आयोजना गरिएको बौद्ध सम्मेलनको तीन दिने दृश्यहरूलाई टेलिभिजनले प्रसार गर्न कञ्जुस्याई गरियो भन्ने जनगुनासो सुनिन्छ। सम्मेलन उद्घाटनको दृश्य एउटा त देखाइयो । यसरी सरकारी आयोजनामा तयार भएको बौद्ध कार्यक्रमलाई त टी.भी.को व्यवहार यस्तो छ भने गैर सरकारी आयोजनामा तयार भएका बौद्ध सम्मेलनलाई प्रसारण गर्न टी.भी.ले कहाँ बाट फुर्सद मिलाउनु । यहि त हो प्रजातन्त्रको पक्षपाती कार्य ।

श्रीलंका, बर्मा, थाइल्याण्ड, भूटान, मंगोलिया, चीन, जापान, भियतनाम, भारत, बंगलादेश, अमेरिका, हलैण्ड, यू.एन.डी.पी. र सार्क देशका मुख्य प्रतिनिधिहरू समेत गरी दर्जनौं बौद्ध देशहरू लगायत अन्य देशहरूले पनि भाग लिएको हुँदा यस सम्मेलनलाई सफल मान्नु पर्छ । विशेष गरेर बुद्ध शिक्षा प्रचार भयो। यही मौकामा कतिपय प्रतिनिधिहरूले लुम्बिनी विकास कार्यमा नेपाली र नेपाल सरकारको ध्यान किन नगएको भन्दै जोडदार प्रश्न उठाउँदै लुम्बिनी विकास बारे खूब चासो र रुची देखाए।"

अर्को एकजना सदस्यले प्रश्न गऱ्यो - "श्री ५ युवराजाधिराजको सम्बोधनमा र प्रधान मन्त्री गिरिजा प्रसादको उद्घाटन भाषणमा प्रयोग भएको "पञ्चशील" शब्द र हाल भिक्षुहरूबाट प्रचार गरिरहेको "पञ्चशील" शब्दको अर्थ एकै हो ?"

उत्तर आयो - "होइन ! सम्बोधन भाषण र उद्घाटन भाषणमा प्रयोग गरिएको पञ्चशील शब्दले त अन्तर्राष्ट्रिय शान्ति सम्बन्धि पाँचवटा नियमलाई बुझाइएको छ । यस पंचशीललाई भारतका प्रधानमन्त्री जवाहरलाल नेहरू र चीनका प्रधान मन्त्री चाउ एन् लाइले प्रतिपादन गर्नु भएको थियो । यस पञ्चशीलमा त यी कुराहरू समावेश छन्- (१) अर्काको देशमा आक्रमण नगर्नु (२) सह अस्तित्त्व कायम गर्नु (३) एकले अर्काको देशका जग्गाहरू अतिक्रमण नगर्नु आदि आदि ।"

यो कुरो सुनी एकजना सदस्यले भन्नथाल्यो - "यो पंचशील र हामीले प्रार्थना गरिरहेको पञ्चशीलको अर्थ र उद्देश्यहरू बेग्ला बेग्लै रहेछन् ।"

फेरि अर्को एकजनाले प्रश्न उठायो -"होइन ! लुम्बिनी घोषणामा गौतम बुद्ध नेपालको पुत्र हो, उहाँ नेपालमा जन्मेको हो भन्ने शब्द नै उल्लेख भएको छैन। किन होला ?

आयोजकको तर्फबाट उत्तर आयो - "तपाईलाई यसबारे घोषणा नै किन चाहियो र ? किन भने लुम्बिनी नेपालमा छँदैछ । कपिलवस्तु पनि नेपालको इलाका भित्रै छ। फेरि अशोकस्तम्भ एउटा सिंगै प्रमाणको रूपमा रहेको छँदैछ लुम्बिनीमा यस स्तम्भमा लेखकै छ "बुद्ध लुम्बिनीमा जन्मेको हो" भनेर । फेरि लुम्बिनीमा आउने सबै तीर्थ यात्रीहरूलाई थाहा छँदैछ, "लुम्बिनी नेपालभित्र नै पर्छ" भन्ने कुरो । तैपनि हिन्दुस्तानीहरूको हृदय साँघुरो भएकोले होला उनीहरूले बुद्ध भारतमा जन्मेको हो भन्दै प्रचार गर्दै हिँडेको तर भारत त बुद्धको कर्मभूमी मात्र हो, जन्मभूमी होइन ।

यही विषयमा श्रीलंकाका बुद्ध शासन र सँस्कृति मन्त्रीले लुम्बिनीमा भन्नु भएको थियो - "बुद्ध जन्मिनु हुँदा त्यसताका भारत भन्ने देश पनि थिएन, नेपाल भन्ने देश पनि थिएन । त्यसताका त बुद्ध जन्मेको स्थानलाई जम्बुद्वीप भन्ने गर्थ्यो ।"

लौ त आज हामीहरू बीच विश्व बौद्ध सम्मेलनमा घटेका राम्रा नराम्रा पक्षहरूबारे थुप्रै चर्चाहरू भइयो । समय पनि निकै लामो लियो आजको छलफलले त्यसैले आजलाई यतिकैमा कुरो टुंग्याऔं पछि फेरि भेटौंला ।

Downloaded from http://www.dhamma.digital

बा.अ.का.द.नं. - ७०/०४०/४१

सम्पादकीय

# लुम्बिनी र विश्व बौद्ध सम्मेलन

लुम्बिनीमा मंसीर १५ र १६ गतेमा विश्व बौद्ध शिखर सम्मेलन हुने प्रचार भएता पनि शिखर सम्मेलन हुन सकेन। राजनैतिक र धार्मिक दुबै पक्षका शिखर नेताहरूको उपस्थिति त्यहाँ थिएन। कारण थियो अल्प समयमै सम्मेलन गर्ने योजना र लुम्बिनीमा सुरक्षाको आशंका। किनभने गत वर्ष जापानी भिक्षु नावातामेको हत्या भएको थियो।

सबैभन्दा पहिले लुम्बिनी बौद्ध सम्मेलनको उपलब्धिको चर्चा गरौं। यो विश्व बौद्ध सम्मेलनले गर्दा सरकारी समाचार माध्यमबाट बुद्धको शिक्षाबारे प्रचार गर्ने अवसर पायौं। हामी बौद्धहरूले सीमित क्षेत्रमा मात्र बुद्धको शिक्षा प्रचार गर्ने गर्छौं। रेडियो, टी.भी.बाट प्रचार हुँदा राष्ट्रब्यापी प्रचार हुन्छ। प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले प्रजातन्त्र बुद्ध धर्मको आधारबाट उब्जेको हो भन्ने विचार प्रकट गर्नु भयो। यो उपलब्धि हो भन्नु अत्युक्ति नहोला। लुम्बिनीमा विश्व बौद्ध सम्मेलन भएकाले लुम्बिनी बुद्धको जन्मस्थल हो भन्ने प्रचार भयो। किनभने विदेशीहरू लुम्बिनी जाँदा नेपाली राहदानी लिएर मात्र प्रवेश गर्न पाउँछन्। लुम्बिनीमा अशोक स्तम्भमा लेखेकै छ - "हिद बुधे जाते" अर्थात् यहाँ बुद्ध जन्मेका हुन्। लुम्बिनी भारतमा पर्छ भनेर भारतीयहरूले जति चिच्याए पनि उनीहरू सूर्यलाई नाम्लोले छेक्न खोज्दा असफल भएझैं असफल भएका छन्।

बरू लुम्बिनीको विकास छिटो गरौं र यात्रीहरूको लागि सुविधा हुने काम गरौं। भारत बुद्धको कर्मभूमि भन्नुपर्नेमा भारतीयहरूले भूलले जन्मभूमि भन्न थाले। यसले गर्दा उनीहरूको ठूलो गल्तीहुन पुग्यो। कालापानीमा नेपाली भू-भाग भारतले कब्जा गरे जस्तै लुम्बिनीमा र कपिलवस्तुमा कब्जा गर्न नपाओस् यसमा हामी सतर्क हुनु परेको छ।

सम्मेलनले गर्दा अहिले लुम्बिनीमा पुल र चक्रपथ तयार भएको छ। चक्रपथमा बिजुलीको व्यवस्था भएको छ। लुम्बिनी उद्यान सफा भएको छ। दर्शक र यात्रीहरूको लागि पानीको व्यवस्था भएको छ तर स्थायी हुने हो कि होइन यो भविष्यले बताउने कुरा हो। लुम्बिनी विकास क्षेत्र भित्र केही हदसम्म सडक मर्मत भएको छ, तर पीच कतै भएको छैन। लुम्बिनी बसपार्कमा शौचालय बनेको छ र पसलहरू बनाएको छ। यो सम्मेलनले गर्दा बुद्ध वचन प्रचार भयो। लुम्बिनी इलाकाभरि बुद्ध वचन कपडामा ठूलो अक्षरमा लेखी ठाउँ ठाउँमा टाँगिएको थियो वैरले वैरभाव शान्त हुने छैन, मैत्रीभावले मात्र शत्रुता नाश हुन्छ। "लुम्बिनी विश्व शान्तिको मुहान" भनेर पनि लेखिएको थियो।

सम्मेलनले गर्दा अन्तर्राष्ट्रिय बौद्धहरू संगठित हुने मौका पाए। कपिलवस्तु, देवदह र रामग्राम नेपालमै छ भनी प्रचार भयो। महामाया देवीको मन्दिर पुनः निर्माणार्थ शिलान्यास भयो। दाता जापानी बौद्ध संघ बनाउन तयार थियो तर ढिलासुस्ती र उनीहरूको मनसाय विपरीत बनाउनपरेकोले जापानीहरू असन्तुष्ट छन्। श्रीलंकाको तर्फबाट बन्ने बौद्ध चैत्यको शिलान्यास भयो। भैरहवा अन्तर्राष्ट्रिय विमानस्थल बनाउनको लागि धेरै बल पुगेको छ। भिक्षुहरूको मूल्याङ्कन बढ्यो।

सम्मेलनको ठूलो कमजोरी हो पुरै सरकारी करणले गर्दा सरकारी कर्मचारीलाई थाहा छैन बौद्ध व्यक्तित्वलाई सम्मान कसरी गर्ने? उनीहरूमा अनुभवको कमी छ। बौद्ध नेताहरूको शुन्यता त्यहाँ रह्यो। बौद्ध नेताहरू केवल चारजना देखे - लोकदर्शन वज्राचार्य, सुवर्ण शाक्य, ओमकार गौचन र बखत बहादुर चित्रकार। उनीहरूलाई पनि त्यहाँ पूर्ण अधिकार थिएन। उहाँहरू एकहप्ता पहिलेदेखि लुम्बिनीमा गएर व्यवस्था नमिलाएको भए प्रबन्ध गन्जागोल हुन सक्ने थियो किन भने अरू स्वयं सेवकहरू पैसाबाट किनेर ल्याएका थिए। उनीहरूले त्यहाँ आउने गण्यमान्यहरूलाई चिनेका थिएनन्। अनुभवी बौद्धहरूको सहयोग लिइएन। जिल्ला जिल्लाबाट आएका बौद्धहरू विना सहभागी भइ असन्तुष्ट भएर फर्केका थिए। उनीहरूलाई सम्मेलनभन्दा एक दुइ किलो मिटर पर नै सुरक्षाको नाउँमा रोकियो। मोटरको पास लिनु परेमा एक दुई घण्टा बित्यो। सुरक्षा त हुनै पर्छ तर अति नै कडा गरियो।

गैर सरकारी स्तरमा यस्तो सम्मेलन भएको भए धेरै पैसा किफायत हुन सक्थ्यो। स्वयं सेवकहरूलाई खाना बाहेक एक पैसा पनि दिनु पर्दैनथ्यो। सांस्कृतिक धिमे बाजा, धाः बाजा र बासुरी बजाउनेहरू निशुल्क आउँथे। यसपालि त्यस्ता बाजा धेरै रूपैया तिरेर किनेर ल्याइयो।

मुद्रक : "न्यू नेपाल प्रेस" प्रधान कार्यालय : नक्साल, नागपोखरी, पोष्ट बक्स : ८९७५ इ.पि.सी. ५४१४, काठमाडौं, नेपाल । फोन : ४३४८५०, ४३४७५३
व्यापारिक कार्यालय : शु... (९७७-१) २५८६७८
Downloaded from http://www.dhamma.digital